
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ३५ पूर्णाङ्क १८० २०७७ वैशाख ८ गते सोमबार Monday, 20 April, 2020 पृष्ठ ८ मूल्य रु. १०।-


## देजमो भक्तपुरद्वारा श्रद्धाञ्जली व्यक्त




भक्तपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल भक्तपुर जिल्ला संगठन समितिका सदस्य तथा क्रान्तिकारी युवा लीग, भक्तपुर जिल्ला समितिका अध्यक्ष राजु लोहलाका पिता गणेशकुमार लोहलाको दुःखद निधन भएको भन्दै मोर्चाले दिवंगत गणेशकुमार लोहलाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ । २००६ साल बैशाख पत्र गते जन्म भएका लोहलाको २०७७ बैशाख १ गते निधन भएको थियो ।

### लकडाउनकै बीचमा क्रान्तिकारी माओवादीको स्थायी समितिको बैठक सम्पन्न

# महामारी रोकथाम र नियन्त्रणका लागि १५ बुँदे महत्वपूर्ण निर्णय सार्वजनिक



काठमाडौं । कोरोना भाइरस (कोभिड-१९)को महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को स्थायी समितिको बैठकले विभिन्न १५ बुँदे महत्वपूर्ण निर्णय गरेको छ । जारी लक डाउनकै बीच ५ बैशाखमा बसेको स्थायी समितिको बैठकले महामारी नियन्त्रण र जनताको स्वास्थ्यका सन्दर्भमा ओली सरकार एकपछि अर्को गैरजिम्मेवार बन्दै गएको निष्कर्ष निकालेको छ । बैठकले गरेका छलफल, निष्कर्ष र निर्णयहरूलाई विभिन्न १५ बुँदामा समेट्दै क्रान्तिकारी माओवादीले ६ बैशाखमा सार्वजनिक वक्तव्य जारी गरेको छ । पार्टीका महासचिव मोहन वैद्य'किरण'ले जारी गर्नुभएको वक्तव्यमा शिक्षा र स्वास्थ्य क्षेत्रलाई राष्ट्रियकरण गर्नेदेखि नेपाल भारत सीमामा तारबार लगाउनुपर्नेसम्मका महत्वपूर्ण विषयहरू समेटिएको छ ।

जारी वक्तव्यको पहिलो बुँदामा भनिएको छ, "कोरोना भाइरसजन्य प्रकोपको रोकथामका लागि खुला सिमाना नियन्त्रण गर्नु पर्ने माग प्रायशः सबैतिरबाट र मुख्यतः भारतसंग सिमाना *बाँकी ८ पेजमा*

## भ्रष्टहरूको मिलोमतोमा टेकु अस्पतालका डाक्टर शेरबहादुर पुनमाथि कारबाही



काठमाडौं । भ्रष्टाचारमा बदनाम भएका स्वास्थ्यमन्त्री भानुभक्त ढकालको ठाडो आदेशमा अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनलाई कारबाही गर्न पत्राचार गरिएको जानकारी प्राप्त भएको छ । स्पष्टीकरण मागसहितको सो पत्र शुक्रबार टेकु अस्पतालको प्रशासनमा पुगेको बताइएकोछ ।

टेकु अस्पतालको प्रशासन विभाग प्रमुख रूपनारायण खतिवडाले 'पत्र प्रशासनमा आइपुगेको भएपनि आफूले शुक्रबार खोलेर हेर्न नभ्याएकाले के व्यहोरा उल्लेख छ भन्ने जानकारी नभएको' दावी गरे ।

'पत्र हिजो आएको भन्ने कुरा मेरो स्टाफले मलाई फोन गरेर जानकारी गराउनु भएको थियो । तर, म विशेष कारणबस बाहिर हुँदा पत्र खोलेर हेरेको *बाँकी ३ पेजमा*

## नि:शर्त राहत वितरण सहज र सुलभ बनाउन देजमोको जोडदार माग



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले एक वक्तव्य जारी गर्दै लक डाउनका कारण खाद्य सामग्रीको अभावमा खासगरी तल्लो वर्गका जनताको जीवन जोखिममा परेको भन्दै निःशर्त रूपमा विपन्न वर्गलाई राहत वितरण सहज र सुलभ बनाउन जोडदार माग गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले *बाँकी ३ पेजमा*

## नेपालमा तीन जनाले कोरोनालाई जितेर आ-आफ्नो घर फर्किए

### *१९ वर्षीया युवतीले संक्रमणमुक्त भएर घर फर्किने क्रममा भनिन 'कोरोना संक्रमितलाई 'कलंक' नबनाइदिनुहोला'*



काठमाडौं । नेपालमा अहिलेसम्म जम्मा ३१जनामा कोरोना भाइरसबाट संक्रणमित भएका मध्ये तीन जनाले कोरोनालाई जितेर आ-आफ्नो घर फर्किएका छन् । पहिलो कोरोना संक्रणमित पुरुष संचो भएर घर गएका र अहिले दुई जना महिलाले कोरोनामाथि विजय प्राप्त गरेर घर गएका छन् । डिस्चार्जपछि बागलुङकी वृद्धा खुसी हुँदै घर गइन भने काठमाडौं १९ वर्षीया युवती संक्रमणमुक्त भएर घर फर्किएकी छिन् । उनको भनाइमा 'कोरोना संक्रमितलाई ' कलंक' नबनाइदिनुहोला'भन्ने छ ।

कोरोनामुक्त भएकी बागलुङकी ६५ वर्षीय वृद्धा धौलागिरि अञ्चल अस्पताल बागलुङको आइसोलेसनमा उपचाररत थिइन् । उनको तेस्रो र चौथो स्वाब परीक्षणको नतिजा नेगेटिभ आएको केही घण्टापछि उनी डिस्चार्ज भएकी हुन् । डिस्चार्जपछि उनी खुसी हुँदै घर गएकी छिन् ।

उनमा बिहीबार गरिएको तेस्रो रिपोर्ट र शनिबार गरिएको चौथो रिपोर्टमा कोरोना नभएको पुष्टि भएको बागलुङका प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजूले जानकारी दिए । चैत २० गते संक्रमण पुष्टि भएपछि ती वृद्धालाई धौलागिरी अञ्चल अस्पतालमा भर्ना गरिएको थियो । चैत ४ *बाँकी ३ पेजमा*

## ६२ जना लेखक, कवि, पत्रकार, प्राध्यापक तथा सांस्कृतिककर्मीहरूद्वारा नेपाल तथा भारतका आस्थाका बन्दीहरूको रिहाइका लागि सार्वजनिक अपिल जारी





काठमाडौं । नेपालका ६२ जना लेखक, कवि, पत्रकार, प्राध्यापक तथा साँस्कृतिककर्मीले नेपाल र भारतका जेलमा रहेका आस्थाका बन्दीहरूको रिहाईको माग गर्दै एक सार्वजनिक अपिल जारी गरेका छन् ।

अपिलमा भनिएको छ, ' आज नेपालको कम्युनिस्ट नामधारी राज्यसत्ताले पनि त्यसरी नै गणतन्त्रका योद्धा वरिष्ठ सांस्कृतिक कर्मी माइला लामालगायत थुप्रैलाई झुट्ठा मुद्दा लगाई जेलमा बन्दी बनाएको छ । यसै गरी भारतीय राज्यसत्ताले पनि झुठा मुद्दामा ८० वर्षीय वरिष्ठ मार्क्सवादी कवि तथा सांस्कृतिक कर्मी वरवर रावका साथै न्याय र परिवर्तनका पक्षमा निर्भिकतापूर्वक कलम चलाउने लेखक तथा सामाजिक अभियन्ता गौतम नवलखा, प्राध्यापक आनन्द तेलतुम्डे तथा शारीरिक रूपले ९० प्रतिशत अपाङ्ग प्राध्यापक जि. एन साइबाबा लगायतका लेखक, पत्रकार हरूलाई बन्दी बनाएको छ र निर्मम तथा कठोर व्यवहार *बाँकी ४ पेजमा*

## कोरोना-महामारीको विश्व अर्थराजनीतिक परिदृष्य: एक टिप्पणी

***हाम्रो देशसँग जोडिएको, हाम्रो उत्तरतिरको छिमेकी देशमा त्यत्रो महामारी फैलिसक्दा पनि यो महामारीले महिनौंसम्म हिमाल छिचोलेर नेपाल पसेको थिएन । यही अवस्थालाई कायम गर्ने प्रयत्न गर्नका लागि यो हामी नेपालीका लागि महान अवसर थियो । यो अवसरको सदुपयोग गर्ने प्रमुख दायित्व सरकारको हुन जान्थ्यो । दुर्भाग्य, सरकारले नै यो अवसरको सबैभन्दा बढी दुरूपयोग गर्ने भूमिका खेल्यो***



● सीताराम तामाङ ●

*१) विषय उठान*

चीनको बुहानबाट उठान भएको कोरोना भाइरसले (Virus) विश्वब्यापी महामारीको रूप धारण गर्ला भन्ने धेरैको कल्पना बाहिरको कुरो थियो । चीनभित्र यसले विध्वंश मचाउँदा विश्वका धेरै देशका राजनेता, बुद्धिजीवी, चीन विरोधीहरू चीनका मानिसलाई आरोप लगाइरहेका थिए कि तिनीहरू मुसा, चमेरो, बाँदर, सर्प आदि खान्छन्, त्यसको परिणाम भोग्दैछन् । यो महामारी (Pendamic) सँग चीन सरकार एडी-चोटीको बल लगाएर जुझ्दै थियो । उता पुँजीवादी विश्वको हास्य प्रहर्सनलाई पनि यसले एकाएक आँसुमा बदलिदियो । पुँजीवादी विश्वको प्रथम विश्व भनिएको युरोपमा यो भाइरस छिर्‍यो र मिलानदेखि फ्रान्स, जर्मन, बेलायत, बेल्जियमका हुँदाखानेदेखि हुनेखाने, सडकदेखि दरवारसम्मलाई आक्रमण गर्न भ्यायो । अब पुँजीवादी युरोप डरायो तर के गर्नु ढिलो भइसकेको थियो - उसको तयारी पुगेन । उता साम्राज्यवादको नाइके-अमेरीकाले पनि यसलाई हल्का नै ठान्यो र चिनियाँ भाइरस, कूङफू भाइरस, आदि नामले गाली गर्दै बस्यो, आफ्नो तयारी गरेन वा आफ्नो शक्तिको अहम् प्रदर्शन गर्दै रह्यो । अष्ट्रेलियाको घनाजंगलमा आगो सल्किएझै *बाँकी ७ पेजमा*

## सम्पादकीय

# मजदुरवर्गप्रति अनुदार ओली सरकार !

कोरोना भाइरस (कोभिड-१९)ले विश्वव्यापी रूपमा महामारीको रूप लिएको छ । यो महामारीबाट विश्वका र नेपालका पनि मजदुर वर्ग नराम्ररी प्रभावित बन्न पुगेको छ । महामारीसँगै सरकारले गरेको लकडाउनका कारण मजदुरवर्ग एकसाथ दोहोरो मारमा परेको छ- महामारी र भोकमरीको । यसबाट विशेषगरी अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरू नराम्ररी प्रभावित बन्न पुगेका छन् । दिनभरि काम गरेर बेलुकाको छाक टार्ने अवस्थाका मजदुरहरू लक डाउनका कारण आफ्नो दैनिक श्रम र आय ठप्प हुँदा भोकमरीको चपेटामा परेका छन् । देशैभर इट्टाभत्ता, गिटीबालुवा, क्रसर उद्योग, काठदाउरा संकलन, विजुली, पेन्टर, प्लम्बर, घर निर्माण, ढुवानी, यातायात, ढेलागाढा लगायत क्षेत्रमा काम गर्ने लाखौं मजदुरहरूको समस्याप्रति ओली सरकार हदै रूपमा अनुदार देखिएको छ ।

दैनिक ज्यालादारी तथा न्यून आय भएका श्रमिक वर्गलाई पूर्व जानकारी नै नदिई एकाएक लक डाउनको घोषणा गर्दा लाखौं मजदुरहरू आफ्नो कार्यथलोमा नै अड्किए । उनीहरूले आ-आफ्नो घरमा जाने समयावधि नै पाउन सकेनन् । 'घर भित्रै बसौं, महामारीबाट बचौं !' भनेर सरकारले लक डाउन गरेको एक दुई दिनबाटै भोकमरीको चपेटामा पर्न थालेका मजदुरहरूलाई महामारीभन्दा पनि भोकमरीको चिन्ता र त्रासले सताउन थाल्यो । डेरमा भोकैले मर्ने स्थिति भएपछि मजदुरहरू सडकमा निस्किए । लक डाउनका कारण सार्वजनिक यातायात ठप्प भएपछि उनीहरू हिडेरै हजार किमी टाढाको बाटो समेत हिडेर जाने हिम्मत जुटाएर हिडेर घर गइरहेका छन् । लक डाउन लम्बिदै जाँदा ११ गतेदेखि आजसम्म दैनिक रूपमा मजदुरहरू काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानबाट आफ्नो घरतर्फ पैदल यात्रा गरिरहेका छन् । यस क्रममा उनीहरूले निकै कष्टसाध्य जीवन व्यतित गर्नुपरेको छ । सरकारले यी मजदुरहरूप्रति कुनै दायित्व बहन गर्ने आवश्यता ठानेन, बरु उल्टै पैदल यात्रा समेत गर्न रोक लगाएपछि उनीहरूले मूल सडक छलेर जंगलको बाटो हुँदै यात्रा गर्दा अनगिन्ती कठिनाइहरू झेल्नु परेका समाचारहरू आइरहेका छन् ।

सरकारले विपन्न, ज्यालादारी श्रमिक तथा सुकुम्बासीहरूलाई लक्षित गरी राहत प्याकेज घोषणा गर्‍यो तर त्यो राहत सत्तारुढ दलकै कार्यकर्ता पोस्नमा सीमित भयो । केही रहल पहल सीमित मानिसहरूले पाए पनि वास्तविक विपन्न, जालादारी श्रमिक र सुकुम्बासीहरूले पाउन सकेनन् । राहत वितरण गर्दा आफ्नो पार्टीको कार्यकर्ता हो कि होइन, भोटर हो कि होइन, भोटरलिस्टमा नाम छ कि छैन भन्ने हेरेर मात्र राहत वितरण गरिएका समाचारहरू समेत आएका छन् । कतिपय ठाउँमा कुहिएका र गुणस्तर एकदमै कम भएका दाल चामलहरू बाँडिएका छन् । आफ्नो दलका कार्यकर्ता पोस्ने सरकारको राहत प्याकेजका कारण पनि अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरू आफ्नो कार्यस्थलमा बस्ने स्थिति भएन र निकै ठूलो जोखिम मोलेर घर जान बाध्य भए । मरता तो क्या नइ करता भनेजस्तै उनीहरूले सरकारी लक डाउनको उलंघन गर्दै हिडेर घर गइरहेका छन् । मजदुरहरूको यो हालत देखेर क्रान्तिकारी माओवादी लगायत विभिन्न राजनीतिक पार्टी तथा नेताहरूले चौतर्फी रूपमा अलपत्र परेका मजदुरहरूलाई घरसम्म पुर्‍याउन, उनीहरूलाई स्थानीय तहमार्फत् निश्चित अवधिसम्म क्वारेन्टाइनमा राखेर परिवारको सम्पर्कमा पुर्‍याउने बतावरण बनाउन सरकारलाई दबाब दिए पनि ओली सरकारले यसको कुनै सुनुवाइ गरेको छैन ।

अहिले देशबाहिर खाडी मुलुक, मलेसिया लगायतका देशमा काम गर्ने लाखौं मजदुरहरू अलपत्र परिरहेका छन् । ती देशका सरकारहरूले आफ्ना नागरिक फिर्ता लैजाऊ भनेर नेपाल सरकारलाई भनिरहेको छ र नलगे श्रम सम्झौता रद्द गर्ने चेतावनी पनि दिइरहेको छ । तर ओली नेतृत्वको सरकारले ती मजदुरहरूप्रति कुनै अभिभावकत्व प्रदर्शन गरिरहेको छैन । अमेरिका, अष्ट्रेलिया लगायतका मुलुकमा पढ्न गएका विद्यार्थी तथा श्रमिकहरूलाई पनि उद्दार गरी स्वदेश फिर्ता गराउनुपर्ने आवाज उठिरहेको छ तर ओली सरकार भने आफ्नो दायित्वबाट पन्छिरहेको छ । आफ्ना नागरिक महामारी र भोकमरीको चपेटामा परेर असाध्यै कष्टपूर्ण जीवन बाँच्न बाध्य भइरहँदा ओली सरकार केही नै नभएजस्तो स्वाङ गरिरहेको छ र राज्यशक्ति र अख्तियारको दुरूपयोग गरेर जनस्वास्थ्य सामग्री खरिदमा समेत कति प्रतिशत कमिसन आउन सक्छ भनेर हरहिसाब गरी बसेको छ ।

लक डाउन अवधिमा सरकारले प्रदर्शन गरेको गैरजिम्मेवारीपन तथा नालायकीपनले प्रष्ट हुन्छ कि यो सरकार श्रमजीवी वर्गको होइन, मुट्ठिभर पुँजीपति वर्गको हित रक्षाको लागि हो । यो सरकारबाट लाखौं करोडौं जनताले आफ्नो हित खोज्नु आकाशको फल आँखा तरी मर भनेजस्तै हो । यो विषम परिस्थितिमा ओली सरकारले यही र यस्तै निष्कर्ष निकाल्ने चरित्र प्रदर्शन गरेको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# लकडाउनले उत्पन्न गरेको समस्या र सरकारको गैरजिम्वेवारीपूर्ण कार्य



● रामसिंह श्रीस ●

अहिलेको अवस्थामा लकडाउन जरुरी छ । तर लकडाउन गर्ने बेलामा त्यसले उत्पन्न गर्ने समस्याहरूको समाधान पनि संगसंगै लैजानु पर्छ भन्ने नै हो । अहिले पनि २०७७ बैशाख २ गते बसेको मन्त्री परिषदको बैठकले बैशाख १५ सम्म लकडाउन लम्बाउने निर्णय गरेको छ । तर त्यो बैठकले पनि सिमानामा रहेका नेपालीहरूलाई देशभित्र ल्याउने र दैनिक ज्यालादरी मजदुरहरू र विपन्न वर्गका मानिसहरूलाई राहतको उचित व्यस्था कसरी गर्ने भन्ने विषयमा कुनै ठोस निर्णय गरेको पाइएन

अहिलेको विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीले पुँजींवादी व्यवस्था असफल भयो भन्ने कुरा प्रस्त भएको छ । यो महामारीले बैज्ञानीक समाजवादमा नगईनहुने रहेछ भन्ने कुरा फेरी एकपटक प्रस्ट भएको छ । अमेरिका जस्तो शक्ति सम्पन्न राज्यमा उपचारको लागी आवश्यक भेन्टीलेटर र मास्क समेत अपुग भएको कुरा संचार माध्यममा आएका छन् । तर अमेरिकाको भन्दा फरक व्यवस्था भएको क्यूवा, उत्तर कोरिया,चीन आदि देशहरूले आफ्नो देशको समस्याहरूलाई हल गर्दै अन्य देशहरूमा पनि स्वस्थ्य सम्बन्धी सामग्रीहरू र चिकित्सकहरू सहयोग स्वरूप पठाउनुले यहि कुराको पुष्टी गर्दछ । त्यस कारण नेपालमा पनि यो संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था हुदै बैज्ञानिक समाजवादी व्यस्थामा जानु पर्ने कुरा अपरिहार्य छ । तर जनता प्रति उत्तरदायी सरकार छ भने यही प्रतिक्रियावादी व्यस्था भित्र पनि जनहितका कामहरू हुन सक्छन ्। तर अहिले नेपालको दुईतिहाई बहुमतको सरकारले लकडाउनले उत्पन्न गरेका समस्याहरूको समाधानको लागी गर्न सकिने कामहरू पनि गरेन । त्यसै विषयमा यहा चर्चा गर्ने प्रयास गरिएको छ ।

ँ भोकै मर्नु भन्दा कोरोनाले मर्नु ठीक छ ।□ यो भनाइ हो धनगढी नगरपालिकाका एक जना गरिब महिलाको । नगरपालिकाले राहात नदिए पछि नगरपालिका कार्यालयमा पुगेर आफ्नो पिडा पोख्ने क्रममा उनले माथिको कुरा व्यक्त गरेकी हुन । आखिर मर्नै पर्ने भए पछि मर्ने मान्छेको लागी भोकले मरे पनि मर्ने नै हो कोरोनाले मरे पनि मर्ने नै हो । ती काम गरेर खाने गरिब महिलाले भोकै मर्नु भन्दा कोरोना लागेर मर्ने कुरा रोजिन । त्यस्तै लकडाउनको समयमा काठ्माण्डौं बाट पैडल हिडेर घर जाने बेलामा सिन्धुलीका नारायण विश्वकर्माले बाटोमा पत्रकारहरूसंग रुदै भन्दछन् ँ एक मुठी चामल र एक मुठी पानी दिने मान्छे भेटिएन काठमाण्डौंमा सर, त्यसै भएर हिडेको सर ।□ यी घट्नाहरू लकडाउनले उत्पन्न गरेको प्रतिनिधि घट्ना मात्र हुन । यस्ता घट्नाहरू देशभरमा हजारौ छन् ।

दिनभरी काम गरेर विहान बेलुकाको छाक गुजारा गर्ने मानिसहरू नेपालमा कति छन् भन्ने कुरा सरकारलाई थाहै छ । त्यस कारण सरकारले लकडाउनको घोषण सँगै दैनिक ज्यालादरी काम गर्ने मजदुरहरूको समस्या समाधान कार्यक्रम पनि घोषणा गर्नु पर्द्थियो । अर्थात दैनिक ज्यालादारी मजदुरहरू र विपन्न वर्गहरूको लागी राहत प्याकेजको घोषण पनि लकडाउन सँगै गर्नु पर्द्थियो । तर लामो समय सम्म सरकारले राहत प्याकेजको घोषणा गरेन । चारैतिर बाट दबाब आएपछि मात्रै धेरै पछि सरकारले राहत कार्यक्रम घोषण गर्‍यो । तर त्यो राहत कसले ? कति? र कसरी ? पाउने भन्ने स्पस्ट निति छैन । स्थानीय निकायहरूले फरक फरक परिमाणमा, फरक फरक मापडण्डको आधारमा राहत वितरण गरिरहेका छन् ।

राहत जस्ले पाउनुपर्ने हो उसले पाएको छैन । राहत पाउनको लागी नागरिकतालाई आधार बनाइएको छ । पहिलो कुरा सबै कामदारहरू संग नागरिता छैन । भएको नागरिता पनि साथमा हुदैन । १६ वर्ष पुगेर १७ मा लागेका मानिसलाई मात्र सरकारले नागरिता दिन्छ । १७ वर्ष भन्दा मुनिका दैनिक ज्यालादारीमा काम गर्नेहरूको संख्या पनि धेरै छ । यो अवस्थामा राहत पाउनको लागी नागरिकतालाई आधार बनाउनु भनेको ठूलो संख्यामा नागरिकता नभएको बहानामा श्रमिक वर्गलाई भोकै मार्नु हो । सुविदा सम्पन्न वर्ग संग वर्षौ लकडाउन गरे पनि खान पुग्ने सम्मपति संचित छ । उनीहरूलाई बाच्न कै लागी राहतको अवश्यक्ता हुदैन । तर विपन्न वर्ग र दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूलाई तत्काल राहतको आवश्यक्ता पर्दछ । तर सरकारको गलत निति र गैर जिम्मेवारीपूर्ण कामले गर्दा जसले राहत पाउनु पर्ने हो उनीहरूले नै पाउन सकेका छैनन् । आज स्थानीय निकायहरू बाट जुन राहत वितरण गरिएको छ त्यसमा सबैभन्दा पहिलो कुरा त खास पाउनु पर्ने मानिसहरूको ठूलो हिस्साले विभिन्न बाहानामा राहत पाएका छैनन् । सिन्धुलीको नारायण विश्वकर्माको 'एक मुठी चामल र एक मुठी पानी दिने मान्छे भेटिएन काठमाडौंमा सर' भन्ने भानाइले यहि कुराको पुष्टी गर्दछ । जो जाहा छौं त्यही बस भनेपछि बस्ने मान्छेको विहान बेलुकीको छाक टार्ने व्यवस्था सरकारले गर्नु पर्द्थियो । त्यो व्यस्था गर्न नसके पछि उनिहरूलाई सहज रूपमा घरमा पुग्ने व्यस्था मिलाई दिनु पर्द्थियो । तर सरकारले जो जहाँ छन् उनीहरूलाई न खाने बस्नको लागी उचित व्यवस्था गर्न सक्यो न उनीहरूलाई घर सम्म पुर्‍याइदिने व्यवस्था गर्न सक्यो । यसको परिणाम हजारौंको संख्यामा मजदुरहरू काठमाण्डौं बाट कोही कैलाली कञ्चनपुरसम्म त कोही सुनसरी झापासम्म ८/१० दिन लगाएर ५०० कि.मि भन्दा बढीको दुरी पैडल हिडेर जान बाध्य भएका छन् । सोलुमा काम गर्ने मजदुरहरू पैडल हिडेर कैलाली पुग्न विवस छन् । सरकारको गैर जिम्मेवारी पूर्ण कार्य गर्दा जनताले अनावश्यक दुख पाइरहेका छन् । लकडाउनलाई बास्तविक रूपमा सफल पार्नेहो भने जो जाहाँ छन् उनीहरूलाई त्यही खाना बस्नको उचित प्रवन्ध मिलाउनु पदछ ।

दोस्रो कुरा सरकारले स्थानीय निकायद्वारा जुन राहत वितरण गरिरहेको छ त्यो सारैनै अप्रयाप्त छ । कतिपय ठाउँमा त एक डाडु तेल दिएको पाइन्छ । कमसेकम एक दिनमा एक जनालाई कति दिने त्यसको आधारमा कति दिन लकडाउन गरिन्छ त्यति दिन पुग्ने गरी राहत दिनु पर्दछ । कतिपय ठाउँमा १० किलो चामल राहत भनेर दिएको छ तर उनीहरूले आफ्नो ठाउँमा तौलदा ८ किलो पनि नपुगेको देखिन्छ । त्यस्तै कतिपय ठाउँमा राहत भनेर दिएको चामल र दाल कुहिएको खानै नहुने खालको पनि भेटिएको छ । कतिपय ठाउँमा जनताहरूले अफुले प्राप्त गरेको कुहिएको राहत सम्वन्धीत ठाउँमा लगेर फालिदिएका छन् । जसलाई राहत दिन पर्ने हो उनीहरूलाई नदिने, परिमाणमा घटी दिने र कुहिएको राहात दिने व्यक्ति वा निकायलाई सरकारले कडा कारवाही गर्नुपर्दछ । तर सरकारले कसैलाई अहिले सम्म कारवाही गरेको पाइएको छैन् ।

लकडाउन गर्ने क्रममा सरकारले गर्नै नहुने काम गरेको छ, त्यो हो भारतमा रोजगारी गर्न गएका नेपाली मजदुरहरू जो नेपालको सिमानामा आइपुगेका छन् उनीहरूलाई नेपाल प्रवेश गर्न नदिनु । सिमानामा आइपुगेका नेपाली मजदुरहरूलाई रोक्न सिमानामा तारबार लगाइयो, लाठीचार्ज गरेर सिमाना कटाइयो । यसो किन गरियो भन्दा भारतबाट आउने नेपालीहरूको लागी नेपालमा केन्द्रिय र स्थानीय सरकारले क्वारिन्टिनको व्यवस्था गर्न नसक्नु नै हो । अहिले कोरोना महामारीको लागी राहत कोषमा अरबौ रूपैया छ । सरकारले त्यो खर्च गर्न सकिरहेको छैन । एकतिर अरबौ रूपैया कोषमा रहने अर्को तिर आवश्यक क्वारिन्टिनको व्यवस्था गर्न नसकेर हजारौं नेपालीहरूले नेपालको सिमा नजिक भारतीय भुमिमा कस्टकर जीवन बिताउनु परिरहेको छ । यो सरकारको असक्षमता नै हो । त्यस कारण सरकारले तुरुन्त सिमानामा आइपुगेका नेपालीहरूलाई देश भित्र ल्याएर क्यारिन्टिनमा राख्ने व्यवस्था गरियोस ।

माथि जे जति कुराहरूको उल्लेख गरियो त्यसको उद्देश्य लकडाउनको विरोध होइन । अहिलेको अवस्थामा लकडाउन जरुरी छ । तर लकडाउन गर्ने बेलामा त्यसले उत्पन्न गर्ने समस्याहरूको समाधान पनि संगसंगै लैजानु पर्छ भन्ने नै हो । अहिले पनि २०७७ बैशाख २ गते बसेको मन्त्री परिषदको बैठकले बैशाख १५ सम्म लकडाउन लम्बाउने निर्णय गरेको छ । तर त्यो बैठकले पनि सिमानामा रहेका नेपालीहरूलाई देशभित्र ल्याउने र दैनिक ज्यालादरी मजदुरहरू र विपन्न वर्गका मानिसहरूलाई राहतको उचित व्यस्था कसरी गर्ने भन्ने विषयमा कुनै ठोस निर्णय गरेको पाइएन । अहिले पनि यो सरकारको ध्यान यी समस्याहरूको समाधान तीर गएको देखिदैन । अब पनि सरकारको ध्यान त्यता नजाने हो भने 'मर्नु भन्दा बहुलाउन निको' भन्ने उखानको चरितार्थ गर्दै आम श्रमिक जनताहरू विकल्पको रूपमा अगाडी बड्न बाध्य हुने छन् । २०७७।०१।०४

# कोरोनाबाट गैरआवासीय नेपालीहरूको विश्वभर २८को मृत्यु, एक हजार बढी संक्रमित



काठमाडौं । विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट बैशाख ६ गते शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपाली (एनआरएनए) २८ पुगेका छन् । एनआरएनका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित कोभिड -१९ उच्चस्तरीय समिति, स्वास्थ्य उपसमितिले संकलन गरेको तथ्यांकानुसार बेलायतमा १७, अमेरिकामा आठ, संयुक्त अरब इमिरेट्समा दुई र आयरल्याण्डमा एक जनाको निधन भएको हो ।

स्वास्थ्य उपसमितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार नेपालबाहेक विश्वभर एक हजार १६६ गैरआवासीय नेपाली अहिले कोरोनाबाट संक्रमित छन् । विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सको समूहले तयार पारेको सो आँकडानुसार २१ देशमा रहेका नेपाली कोभिड -१९ बाट संक्रमित रहेको एनआरएन, कोभिड- १९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिएका छन् ।

नेपालमा भने १९ हजार ५५४ जनामा परीक्षण गरिएकामा ३१ जनामा कोरोना संक्रमण देखिएको छ भने तीन जना कोरोनामुक्त भई घर फर्किसकेका छन् ।

संक्रमित हुने विदेशमा बसेका नेपालीमा अमेरिकामा करीब सात सय, बेलायतमा दुई सय, संयुक्त युएईमा ७१, आयरल्याण्ड र पोर्तुगलमा २२-२२, कुवेतमा २१, अष्ट्रेलियामा ११, स्पेनमा १०, स्विट्जरल्याण्डमा पाँच, जर्मनी, बेल्जियम र साउदी अरबमा चारचार, क्यानडा र मलेसियामा तीनतीन, माल्टामा दुई तथा फ्रान्स, जापान, म्यान्मार र हंङकङमा एकएक जना रहेको उपसमितिले जनाएको छ ।

विदेशस्थित विभिन्न अस्पतालमा कार्यरत नेपाली चिकित्सक र कूटनीतिक नियोग, एनआरएनका शाखा तथा स्थानीय संघसंस्थाद्वारा प्राप्त सूचनालाई मुख्य आधार मानेर सो आँकडा तयार पारिएको स्वास्थ्य उपसमितिले जनाएको छ । विदेशमा कोरोना भाइरसबाट मृत्यु भएकाहरूको परिवारको सहयोगार्थ एनआरएनले आफ्ना शाखाहरूलाई परिचालन गरेको जनाइएको छ ।

एनआरएनका अध्यक्ष पन्तका अनुसार बिहीबार साँझसम्म दुई दर्जनभन्दा बढी देशमा १० हजारभन्दा बढी कोरोना पीडितका लागि राहत वितरण गरिएको छ । यसैबीच एनआरएन कोभिड १९ उच्चस्तरीय समितिको बैठक आज बस्ने भएको छ । संघका महासचिब डा हेमराज शर्माका अनुसार बैठकले कोरोना पीडितका लागि राहत वितरणको नयाँ नीति तय गर्ने छ ।

# नयाँ अन्तर्विरोधमा जेलिँदै राष्ट्रपति ट्रम्प



● सीपी गजुरेल

*'अमेरिकाले रकम बन्द गरेपछि पर्ने प्रभावबारे डब्ल्यूएचओले समीक्षा गरिरहेको छ । हामी आफ्ना पार्टनरसँग आर्थिक संकटको विषयमा छलफल गर्नेछौं ता कि कुनै प्रकारको समस्या नआओस ।' उनले भने, 'कुनै पनि हालतमा काम नरोकियोस भन्ने कुराको हामी सुनिश्चित गर्न चाहन्छौं ।'*

महामारीका रूपमा संसारभर फैलिएको कोरोना भाइरसले धेरै ठुलो क्षति पुऱ्याएको विषयमा धेरै बताइरहनु पर्ने आवश्यक नपर्ला । यो भाइरसले विश्वलाईनै आक्रान्त बनाएको छ । सन् २०१९ को अन्त्यमा चीनको वुहान सहरबाट सुरु भएको यो संक्रमितको संख्याले २ लाख पार गरिसकेको र १ लाख २७ हजार भन्दा बढीले ज्यान गुमाइसकेका छन् । ४ लाख भन्दा बढी मानिस निको भएका पनि छन् । संयुक्त राष्ट्र संघका महासचिव एण्टोनियो गुटरेसले यो महामारीलाई 'दोस्रो विश्व युद्ध पछिको सबैभन्दा ठुलो संकट' भनेका छन् । आज भन्दा एक महिना जति अघि नै विश्व स्वास्थ संगठनले ' विश्व स्वास्थ संकटकाल'को घोषणा गरिसकेको छ । यो महामारीले केवल मानिसको जीवनमा र स्वास्थ क्षेत्रमा मात्र होइन, यसले बहु आयामिक प्रभाव पारेको छ । यसले विश्वका शक्तिसाली राष्ट्रहरू र विश्व शक्ति सन्तुलनमा समेत ठुलो प्रभाव पारेको छ ।

पछिल्लो चरणमा यसले संरा अमेरिका, इटाली, स्पेन, फ्रान्स आदि देशलाई बढी निशाना बनाएको छ । अ? देशमा यसको आक्रमण केही शिथिल हुने हो कि भन्ने थोरै आसाको संकेत देखिए पनि अमेरिकामा यो जंगलको डँढेलो जस्तो अघि बदिरहेकै छ । आसा गरौं, यो महामारी अब नियन्त्रणमा आउने छ र आक्रान्त विश्वले चैन सँग बाँच्न पाउने छ ।

यी सबै घटनाक्रमले हरेक राष्ट्रमा र विश्व स्तरमा नयाँ नयाँ अन्तर्विरोधलाई जन्माइ पनि रहेका छन् । केही दिन भित्र अमेरिकी राष्ट्रपति ट्रम्पले जुन निर्णय लिएका छन्, त्यसले विश्व राजनीतिलाई प्रभावित पारेको छ । यहाँ त्यस प्रकारका दुईवटा घटनाका विषयमा चर्चा गरिने छ ।

***विश्व स्थास्थ संघ र ट्रम्प***

संयुक्त राष्ट्र संघ अन्तर्गतको एउटा महत्वपूर्ण संस्था हो विश्व स्वास्थ संगठन, जसले विश्वको स्वास्थ समस्याका विषयमा केन्द्रीत भएर काम गर्दछ । खासगरी चीनबाट सुरु भएको कोरोना भाइरसको सन्दर्भलाई लिएर अमेरिकी राष्ट्रपति ट्रम्प यो विश्वस्तरको संस्था सँग रुष्ट भएका छन् । विश्व स्थास्थ संगठन प्रति उनको पहिलो आरोप के थियो भने यसले कोभिड १९का विषयमा समयमै जानकारी गराएन ।

पछिल्लो चरणमा गएर उनले के आरोप लगाए भने विश्व स्वास्थ संगठन चीनको पक्षमा काम गर्दैछ । दुई दिन अघि मात्र उनले यो संस्थालाई अमेरिकाले दिने गरेको आर्थिक सहयोग बन्द गर्ने छ भनेर भनेका छन् । त्यसको जवाफमा विश्व स्वास्थ संघका अध्यक्ष डा. टेड्रोस एदनाम गेब्रियसले यो भनाईको खण्डन गर्दै राष्ट्रपति ट्रम्पलाई कोरोना भाइरसको विषयमा राजनीति नगर्न चेतावनी समेत दिएका थिए । उनले आफुलाई ज्यान मार्ने सम्मको धम्की आएकोबारेमा पनि आक्रोस व्यक्त गरेका थिए । राष्ट्रपति ट्रम्पको यो भनाई प्रति उनकै पार्टीका नेताहरूले पनि बिरोध गरेका थिए । यसपछि ट्रम्प अलि पछि हट्ने हुन् कि भन्ने चर्चा चलिरहेको थियो । तर, अप्रिल १५ विहान उनले आयोजना गरेको नियमित प्रेस सम्मेलनलाई निकै महत्व दिएर अमेरिकाको चर्चित अंग्रेजी दैनिक वाशिंगटन पोष्टले एउटा लामो टिप्पणी लेखेको छ । उनले विश्व स्वास्थ संघलाई अमेरिकाले दिँदै आएको आर्थिक सहयोग नदिने निर्णय सुनाएर धेरैलाई चकित पारे ।

अमेरिकी राष्ट्रपतिको यो निर्णयले केवल विश्व स्वास्थ संगठनलाई मात्र प्रभाव पारेन कि यसले संयुक्त राष्ट्र संघलाई नै प्रभावित गरेको छ । संयुक्त राष्ट्र संघ महासचिब एण्टोनियो गुटरेसले यसबारे आफ्नो भनाईलाई सार्वजनिक गर्दै भनेका छन् कि कसैले पनि विश्व स्थास्थ संगठनलाई असहयोग गर्ने कुरा सोच्नु हुँदैन । उनले ट्रम्पको भनाई प्रति संकेत गर्दै यो विश्व संस्थालाई आर्थिक सहयोग कटौतीगर्ने निर्णयले कोरोना भाइरसको विश्वव्यापी लडाईं कमजोर हुने छ । डब्ल्यूएचओका प्रमुख डा. ट्रेड्रोस एडनम गिब्रिएससले भने, ' अमेरिका लामो समयदेखि डब्ल्यूएचओको साथी रहँदै आएको छ र उसले आर्थिक रूपमा मद्दत पनि गरिरहेको छ ।'

उनले थपे, 'हामी अमेरिकी राष्ट्रपतिद्वारा विश्व स्वास्थ्य संगठनलाई प्रदान गर्दै आएको रकम रोक्न दिइएको आदेशप्रति खेद प्रकट गर्दछौं ।'

'अमेरिकाले रकम बन्द गरेपछि पर्ने प्रभावबारे डब्ल्यूएचओले समीक्षा गरिरहेको छ । हामी आफ्ना पार्टनरसँग आर्थिक संकटको विषयमा छलफल गर्नेछौं ता कि कुनै प्रकारको समस्या नआओस ।' उनले भने, 'कुनै पनि हालतमा काम नरोकियोस भन्ने कुराको हामी सुनिश्चित गर्न चाहन्छौं ।'

यो विवाद संयुक्त राष्ट्र माइक्रोसफ्टका मालिक बिल गेटले विश्व स्वास्थ संगठनलाई आर्थिक सहायता रोक्नु गलत कुरा भएको बताएका छन् । उनले भनेका छन्, 'खासगरी कोरोना भाइरसका बिरुद्ध लड्नु पर्ने बेलामा यो काम सुन्दाखेरी जति खतरनाक लाग्छ त्यतीनै खतरनाक छ ।'

यस प्रकार, आफ्नो गलत नीतिका कारण ट्रम्प प्रशासन विश्व राजनीतिबाट एक्लिँदै गएको छ । यसको असर अमेरिका भित्रै पनि नकारात्मक परेको छ । कोरोना भाइरसको महामारी उग्ररूपमा फैलिरहेको अवस्थामा त्यहाँका जनताले पहिले जीवन बचाउन विश्व भरी नै यसका विरुद्ध मिलेर लड्नु पर्दछ भन्ने जनमतका विरुद्ध ट्रम्पको नीति भएकाले यसको बिरोधमा जनमत हुनु स्वभाविक हो ।

***लकडाउन हटाउने नीतिको बिरोध***

अमेरिकालाई खुला राख्ने र मानिसहरूलाई काममा लगाउने ट्रम्पको नीतिको पनि अमेरिकामा चर्को विरोध भेरहेको छ ।

## जनताको एकतावद संघर्ष र सकल्प आजको राष्ट्रिय आवश्यकता



● प्रेम सुबेदी

विदेशबाट पैसा पठाएर घर गाउँमा चामल र अन्य अत्यावस्यक सामानको गुजारा चलाउने नेपाली समाजको परम्परालाई कोरोना भाईरस (कोभिड १९) को महामारीले ब्रेक लाग्ने स्थिति उत्पन्न भएको छ । नेपालको अर्थतन्त्रमा महत्बपूर्ण भुमिका रहेको रेमिट्यान्स घट्ने प्रकृयाले देशको अर्थतन्त्र कसरी अगाडी बढ्छ ? त्यसले पार्ने प्रभाव कस्तो हुनेछ ? र अव नेपालको आर्थिक प्रणली के हुने ? जस्ता विषय यतिवेला बहसमा छन् । यी सबै विषयमा छलफल र निस्कर्ष नेपाली समाजले खोजेको छ । तर, राज्य यथास्थितीकौ गोलचक्करमा घुमिरहेको छ । बैदेशीक रोजगारका आधारमा गुजारा चलाउने परिवारलाई पार्ने प्रत्यक्ष प्रभावका साथै समग्र नेपालको अर्थराजनितिमा त्यसले उत्पन्न गर्ने परिस्थिति बारे छलफलको आवश्कता छ ।

आज सम्म पैसा पठाउने लाखौ श्रमिकहरू जव खाली हात नेपाल फर्कनेछन्, त्यसले एकातिर नेपालको श्रम बजारमा लाखौ लाख बेरोजगार मानिसको आगमन हुने र अर्कोतिर देशभित्र लाखौ लाखको सँख्यामा बेरोजगार जनशक्ति पैदा हुने हुँदा त्यसले उत्पन्न गर्ने समस्या गम्भिर हुनेछ । निश्यय नै श्रमशक्ति हुनु आफैमा देशको लागी गौरवको विषय हो, तर त्यो श्रमशक्तिलाई उचित प्रकारले व्यवस्थापन र परिचालन हुन सकेन भने त्यसबाट उत्पन्न हुने परिस्थिति सामान्य प्रकारको हुने छैन । दूनियाँका धेरै अनुभवहरूले के देखाउदै आएको छ भने बेरोजगार श्रमशक्ति यथास्थितिमा चल्न नसक्ने, अर्थिक अधार र राज्य प्रणाली कै कारण नयाँ परिवर्तनका ढोका खोल्ने गर्दछन् । ठीक आज नेपाल त्यही स्थितिमा उभिएको छ । यथास्थितिमा चल्ने आधार हरेक दृष्टीकोणले नरहेको देखिन्छ । आर्थिक दृष्टीकोण बाट हेर्दा परम्परागत अर्थनितीले अव देश चल्ने आधार समाप्त जस्तै भएको छ । माथी जुन वैदेशिक रोजगारले नेपालको अर्थतन्त्रलाइ टिकाउन जुन भुमिका खेल्दै आएको थियो, त्यो अवस्था अव रहेन । त्यतिमात्र हेइन, कृषि, वाणिज्य उद्योग, पर्यटन लगायतका क्षेत्रको अवस्था पनि अत्यन्त दयनिय छ । विशेष गरेर भन्सारवाट प्रप्त हुने राजश्वलाई मुख्य आम्दानी मान्ने सरकारको निती पनी अहिलेको कोरोना भाईरसका कारण पुरै असफल हुने निश्चित छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूले अहिले भोगेका समस्या र त्यसप्रति राज्यले देखाएको उदासिनताका कारण समग्रमा राज्य श्रममैत्री नभएको मात्रै होइन, मजदुर विरोधि भएको कुरालाई देखाउछ । लकडाउनका समयमा खाना नपाएर लाखौ मजदुर भोक भोकै सडकमा हिडेका परि दृष्यहरूले सरकारको असफलतालाई उजागर गरिदिएको छ । निम्न आय भएका गरिव परिवारले आफ्नो जीविकोपार्जन गर्ने स्थिति झन जटिल बन्दै गएको छ । समग्रमा भन्दा देश यथास्थितिमा चल्ने अवस्था छैन । बैदेशिक सहयोग र ऋणलाई अधार बनाएर प्रस्तुत गर्ने नेपालको आर्थिक योजनाले देशलाइ अगाडी बढाउन नसक्ने कुरा प्रष्ट छ । यो अवस्थामा देशको निकाश र विकाश कति संभव छ ? भन्ने पशन उठ्ने गर्दछन् र  त्यो स्वभाविक पनि हो । बैदेशिक सहयोग र ऋण प्रप्त गर्ने अधार पनि अव खुम्चिदै गएको छ । कोरोना भाइरसको महामारीले विश्व अर्थतन्त्र नै घायल भएको सन्दर्भमा त्यस प्रकारका सहयोग र ऋण प्राप्त हुने कुरा थप जटिल बनेको छ । विश्वको अर्थतन्त्र नै धरासायी हुने स्थितिमा पुगेको चर्चा परिचर्चा चलीरहेको यो पृष्टभुमिमा नेपालको अर्थतन्त्र कसरी अगाडि बढ्न सक्छ भन्ने कुरा त्यति सजिलो विषय छैन । यसको अर्थ अव कुनै संभावना नै छैन भन्ने होइन, ति संभावनाका आधारहरूको खोजी अहिलेको संकटकै बेलामा पहिचान गर्न जरुरी छ । त्यसका लागी पहिलो कुरा सही दृष्टीकोण, योजना र कार्यक्रम नै हो । दोस्रो नेपालको अर्थतन्त्रका आधारहरू के के हुन सक्दछन् र त्यसको प्राथमिकता के के हुन सक्दछन् । तेस्रो, उपरोक्त नीती कार्यक्रम र योजना कार्यन्वयन गर्ने राजनैतिक अधिरचना, श्रमशक्तिको उचित र न्यायसंगत व्यावस्थापन गर्ने नेतृत्व जस्ता विषय नै हुन ।

नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक विशेषता, नवऔपनिवेशिकक अवस्थामा रहेको अर्थराजनितीलाइ यथावत राखेर आजका चुनैतिको सामना गर्न सकिदैन र संभव छैन । तसर्थ, विधमान अवस्थामा त्यसको परिवर्तन अनिवार्य बन्न गएको छ । त्यो कुरालाई केन्द्रमा राखेर परिवर्तनकारी शक्तिहरू मुख्यतः कम्युनिष्ट क्रान्तीकारीहरू श्रमजिवी मजदुर, किसान, प्रगतिशिल तथा देशभक्त युवा, विद्यार्थी, महिला, बुद्दिजीवी अद्योगी, व्यापारी र उत्पीडितमा परेका सहुदाय लिङ्ग, श्रेत्रका जनताको एकतावद संघर्ष र सकल्प आजको राष्ट्रिय आवश्यकता हो ।

विद्यमान नेपालको अर्थतन्त्रको जुन मोडल छ, त्यसले अव हामी अगाडी बढ्न नसक्ने कुरा निश्चित छ । देशमा उत्पादनको मुख्य श्रेत्रहरूको पहिचान गरी त्यसतर्फ समयमा नै ध्यान दिन सकिएन भने ठूलो विपत्ति आउने देखिन्छ । हुनत विपत्ति आफैमा चुनैति र संभावनाको जननी भएकाले चुनैतिहरूको सही ढङ्गले सामना गर्ने सकेमा संभावनाका नयाँ नयाँ द्धारहरू खुल्दै जाने कुरा निश्चित छ । ती संभावनालाई नयाँ अवसरमा बदल्ने आट साहस र दृष्टीकोण भए देशले नयाँ उचाइ प्राप्त गर्ने छ । तर, त्यसकालागी विद्यमान प्रणलीको घेरा बाट होइन, त्यसभन्दा माथीवाट सोच्न जरुरी हुन्छ । विधमान अर्थव्यवस्था नै परिवर्तन विकास र उन्नतीका लागी वाधक रहेको पृष्टभूमिमा त्यो व्यवस्था विकल्प नयाँ अर्थव्यवस्थाको पक्षमा उभिन जरुरी हुन्छ । अहिलेको विश्व अर्थव्यवस्था मानवता विरुद्धको अपराधमा टिकेकोले त्यसद्धारा समाधान नहुने कुरा दिन प्रति छर्लङ्ग हुदै गएको छ । उत्पादन सम्बन्ध साझा हुने र उत्पादको श्रोत र सादनमा व्यक्तिको अधिनस्त हुने विद्यमान प्रणालीले असमानता  विवेध र अत्याचारका श्रृखला बढाउदै लग्ने मात्र होइन, प्रकृतिक स्रोतको समेत दुरूपयोग गरेकोले त्यसको चरित्र नराम्रो गरी उदाङ्गो भएको छ । त्यसैले विद्यमान पुजिँवादी साम्राज्यवादी व्यवस्था मानवता विरुधको कलय बन्न पुगेको छ । समग्रमा मानव समुदायको मुक्ति आजको मुख्य विषय बन्न पुगेको छ ।

जहाँ सम्म नेपालको बर्तमान संकटको कुरा छ, त्यसलाई समाधान गर्न विषयसंग यहाँको सामाजिक आर्थिक राजनैतिक र सास्कृतिक श्रेत्रमा आमुल परिवर्तन जरुरी छ । जव सम्म परम्परागत रूपमा चल्दै आएको सामाजिक, आर्थिक, राजनैतिक तथा सस्कृतिक आधरहरू कायम रहन्छन् तव सम्म समस्याहरू थपिदै जानेछन् । अहिलेसम्म चल्दै आएको आयातमूखि अर्थ व्यवस्थाले नेपालको स्वतन्त्र अर्थतन्त्रलाई धरासायी बनाएको हो । त्यसैले आत्मनिर्भर प्रकारको अर्थव्यवस्थाका लागी यहाँको श्रोत र साधनको उचित ढङ्गले  राष्ट्र र जनताको हितमा प्रयोग गर्ने कुरा नै हो । विशेष गरेर कृषि, जलश्रोत, पर्यटन, जडीवूटी, उद्योगधन्दाको विकासले नै नेपालको अर्थतन्त्रलाइ आत्मनिर्भर बन्न र पैठारी गर्न सकिने प्रशस्त आधारहरू छन् । ती क्षेत्रमा योजनाबद्ध ढङ्गले गरिने कामले नै आजको बेरोजगारका समस्याको समधान र देशको विकाशमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ । विदेशमा रहेका लाखौ युवाहरूलाई रोजगारका अवसरहरू प्राप्त  हुनेछन, र अहिले जसरी विदेशबाट पठाएको पैसाका आधारमा चामल र लत्ता कपडाको जोह गर्ने जुन परम्परा छ, त्यसलाई अन्त्य गर्न सकिने छ । अहिले कोरोना भाईरसले सिर्जना गरेको भयआतय, त्रासलाई समेत सजिलैसँग मुकाविला गर्ने सकिने छ ।

*मितिः २०७७/०१/०७*

### नि:शर्त...

आइतबार वक्तव्य जारी गर्दै यस्तो माग गर्नुभएको हो । वक्तव्यमा राहत वितरण गर्ने सन्दर्भमा नागरिकता माग गर्ने र सो नहुनेहरूलाई राहत सामग्री नदिने नियम बनाएर पीडितहरूलाई झन् सास्ती दिएको भन्दै यो सर्त नबनाइकन सहज रूपमा आवश्यकता पर्ने सबैलाई राहत उपलब्ध गराउन सम्बन्धित सबै निकायहरूसँग जोडदार माग गरिएको छ ।

वक्तव्यमा भनिएको छ, ँकोभिड १९ का सन्दर्भमा सरकारव्दारा लगाइएको लक् डाउन (बन्दा बन्दी)का दौरानमा खाद्य सामग्रीको अभावमा खासगरी तल्लो वर्गका जनताको जीवन जोखिममा पर्ने खतरा भएको सर्व विदितै छ । सामग्री वितरण गर्ने सन्दर्भमा नागरिकताको माग गर्ने र सो नहुनेहरूलाई राहत सामग्री नदिने नियम बनाएर यसबाट धेरैलाई वञ्चित गर्ने गरिएको थाहा भएको छ । राहत सामग्री आवश्यकता पर्ने सबैलाई उपलव्ध गराउनु पर्ने यतिखेरको अवस्थामा नागरिकताको माग गर्नुको औचित्य छैन । त्यसकारण, यसलाई शर्त नबनाइकन सहज रूपमा आवश्यकता पर्ने सबैलाई राहत उपलव्ध गराउन हामी सम्वन्धित सबै निकायहरू संग जोडदार माग गर्दछौं ।

वक्तव्यमा लकडाउनको नियम पालना गर्दै बिना भेदभाव आवश्यक सबैलाई राहत उपलव्ध गराउने काममा सहयोग गरी सक्रिय भूमिका निर्वाह गर्नका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाका सबै तहका कमरेडहरूलाई विशेष आह्वान समेत गरिएको छ ।

### भ्रष्टहरुको...

छैन', शनिबार बिहान उनले भने ।

'गोप्य' पत्र आइतबार खोलेर हेरेपछि थप कुरा आउने उनले बताएका छन् ।

स्रोतका अनुसार टेकु अस्पतालको क्लिनिकल रिसर्च युनिटको संयोजक समेत रहेका डा. पुनले हाल महामारीको रूपमा फैलिएको कोरोना भाइरसको विषयमा 'अनावश्यक रूपमा बोलेको' भन्दै मन्त्री ढकाल उनीसँग असन्तुष्ट थिए । तर, डाक्टर पुनले भने 'आफूले कोरोनाभाइरसबारे सत्यतथ्य कुराहरू प्रकाशमा ल्याएर जनचेतना फैलाएको' बताएका छन् ।

'आफूले कोरोनाभाइरसको विषयमा सत्यतथ्य मिडियामा बताएको भन्दै पुनले कसैलाई यसमा चित्त बुझ्दैन भने आफूले भन्नु केही नरहेको' बताए । 'मैले आफूलाई जानकारी भएको विषय सञ्चारमाध्यममार्फत र अन्य माध्यममार्फत लगातार प्रकाशमा ल्याएर जनचेतना फैलाउँदै आएको साँचो हो । मेरो नाममा पत्र आएको सुनेको छु । तर त्यसमा के छ मैले हेरेको छैन', उनले भनका छन् ।

स्रोतका अनुसार उनलाई मिडियामा अनावश्यक रूपमा नबोल्न भन्दै मन्त्रालयका केही अधिकारीले दवाव दिँदै आएका थिए । उनी कार्यरत अस्पतालमा नै पनि उनको सक्रियता र मिडियामा उनको बढ्दो 'कभरेज'का कारण असन्तोष गर्नेहरूको जमात नै खडा हुँदै गएको थियो । तिनीहरूकै समेत खुट्टा तनाइको उनी शिकार बनेको स्रोतको दावी छ ।

स्रोतका अनुसार आफूविरुद्ध विकसित हुँदै गएको यो माहोलका बारेमा डा. पुन जानकार थिए तर उनले त्यसलाई खासै महत्व दिएका थिएनन । त्यसको वेवास्ता गर्दै जनचेतना फैलाउने काममा निरन्तर लागेपछि अहिले उनीविरुद्ध कारबाही भएको हो ।

स्रोतका अनुसार मन्त्रालयमा तानिएको भनिए पनि कररका डाक्टर मन्त्रालय तान्नुको औचित्य छैन ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटा र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. महेन्द्र श्रेष्ठले पत्र र कारवाहीबारे अनभिज्ञता प्रकट गरेका छन् ।

### नेपालमा...

गते उनी बेल्जियमबाट कतार एयरको क्युआर ६५२ को फ्लाइटबाट नेपाल आएकी थिइन् ।

त्यसैगरी टेकु अस्पतालमा उपचाररत काठमाडौंकी १९ वर्षीया युवती पनि कोरोना मुक्त भएर घर फर्किएकी छन् । नेपालकी दोस्रो कोरोनाभाइरस संक्रमित १९ वर्षीया युवती संक्रमणमुक्त भएर घर फर्किएकी छिन् । गत चैत ४ गते फ्रान्सबाट कतार हुँद नेपाल आएकी उनमा कोरोनाभाइरसको संक्रमण देखिएपछि गत चैत १० देखि टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचाररत थिइन् । अस्पतालमा २७ दिन लामो बसाइपछि उनी शनिबार निको भएर घर फर्किएकी हुन् ।

डिस्चार्ज भएपछि अस्पतालमा आयोजित पत्रकार सम्मेलनमा उनले स्वस्थ बनेर घर फर्कन पाएको खुसी व्यक्त गरिन् । साथै, आफूलाई सामाजिक सञ्जाल तथा समाचारमा ' कलंक' को रूपमा प्रस्तुत गरिएकोमा दुःख व्यक्त गरिन् । उनले जनस्तर र मिडियाले 'सुपर स्प्रेडर' जस्ता शब्द प्रयोग गरेर कलंकका रूपमा प्रस्तुत गरिएकोमा आपत्ति जनाइन् । यसरी कोरोनाभाइरस संक्रमितलाई हेयको दृष्टिकोणले हेर्दा कोही संक्रमित छन् भने पनि उनीहरूलाई अगाडि आउन गाह्रो हुने जिकिर गरिन् ।

आफूमा कुनै लक्षण नदेखिएको भए पनि भियतनामको साथीमा लक्षण देखिएको कारण आफूले पनि परीक्षण गराएको र त्यसमा आफू पोजेटिभ पाइएको उनको भनाइ थियो । उनले भनिन, 'मलाई सुरुमा धेरै लक्षणहरू थिएन । घर आएको चौथो दिनमा सँगै आएकी भियतनामको साथीमा कोभिड-१९ पोजेटिभ भएको थाहा पाएपछि म अस्पतालमा परीक्षण गराउन आएँ । दुई दिनपछि मेरो पनि पोजेटिभ आयो । म पनि नेपालको दोस्रो कोभिड-१९ पोजेटिभ भएँ ।'

अस्पताल आएको एक दुई दिनपछि मात्र लक्षण देखिन थालेको उनले बताइन् । उनले आफूलाई श्वास फेर्न अप्ठ्यारो हुने, पेट दुख्ने, थाकाई लाग्ने र खोकी लाग्ने लक्षणहरू देखिएको जानकारी दिइन् ।

उनले उपचारको क्रममा अस्पतालमा राम्रो सेवा पाएको बताउँदै उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई धन्यवाद दिइन् ।

त्यस्तै, यस रोगको संक्रमण फैलिन नदिन सेल्फ आइसोलेनलाई कडाइका साथ पालना गर्न र संक्रमित भइ हाले पनि धैर्यताका साथ उपचार गराउन पनि आग्रह गरिन । 'श्वास फेर्न गाह्रो हुँदा अत्तालिने रहेछौं तर धेरै नआत्तिनुहोला आत्मबल दह्रो बनाउनुहोला,' उनको सुझाव थियो । उनी निको भएर फर्किने नेपालकी दोस्रो कोरोना संक्रमित पनि हुन् । त्यसअघि १ जना कोरोनामुक्त भएर घर फर्किसकेका थिए ।

# विश्वभरका क्रान्तिकारी पार्टी तथा संगठन (आईसीओआर) भन्दछ– 'कोरोना भाइरस पुँजीवाद तथा साम्राज्यवादबाट सिर्जित जलवायु परिवर्तनको उपज' हो

विश्वभरका क्रान्तिकारी पार्ए्टी तथा संगठन (आईसीओआर) ले एक बक्तब्यमार्फत पुँजीवादी तथा साम्राज्यवादी देशहरूले सिर्जना गरेको जलवायु परिवर्तनको कारण कोरोना भाइरस जस्तो विश्वव्यापी महामारीको अवस्था उत्पन्न भएको बताएकोछ ।

यस प्रकारको रोग मानव जातिको अस्तित्वका लागि खतरा रहेको स्पष्ट पार्दै विश्वभरका क्रान्तिकारी पार्ए्टी तथा संगठन (आईसीओआर)ले बक्तब्यमार्फत भनेको छँ–अहिलेको महामारीले स्वास्थ्य क्षेत्रलाई नाफामुलक बनाउने देशको स्वास्थ्य सेवा विघटनको अवस्थामा पुगेकोछ ।' विश्वभरका क्रान्तिकारी पार्टी तथा संगठन (आईसीओआर)ले जारी गरेको वक्तव्यमा अहिलेको महामारीले विश्वभरको जनता प्रभावित भएको र त्यस विरुद्ध एकतावद्ध भएर संघर्ष गर्नुपर्ने पनि उल्लेख गरेको छ । (वक्तव्यको पूर्णपाठ यस्तो छ, )

## International Coordination of Revolutionary Parties & Organizations (ICOR)

*Declaration on the Corona Pandemic*

The Corona pandemic has developed into a global health crisis with drastic and threatening consequences for the world's population. It is clear that many such new diseases and viruses are emerging at an increasing pace. SARS in 2003, MERS in 2012 and now the COVID 19. It's becoming more obvious each day that the capitalist countries and the imperialist countries, respectively, have created a world in which climate and environment are changing in such a way that there is a real threat to human existence. In many imperialist countries the main problem right now is the exponential spread of the virus. This coincides with a situation in the countries in which the public health systems, with their orientation to maximum profit, have been economized to the point that they are on the verge of collapse or are already in a state of collapse. In many countries there has been no functioning public health system for years. The ICOR is in its thoughts with all the victims so far, their family members, and those who are ill.

At the same time the Corona pandemic is being used to obscure the emergence of a new world economic and financial crisis and shift the burdens of the crisis onto the shoulders of the broad masses in the wake of Corona. Capitalist governments are holding billions in readiness for corporations – but not for the masses and the health system. On top of that, industrial production is supposed to be maintained at all costs under totally inadequate hygienic conditions, and exploitation even increased. In Italy and Spain, the US, China strikes against this have developed, which the ICOR appreciates, promotes and supports.

Armies are being deployed in the interior while democratic rights and freedoms are increasingly being restricted, e.g. by canceling or banning demonstrations and protest activities and the surveillance by tracking of mobile phone data is expanded. Although the situation is urgent, often every state operates on its own against others as far as research, diagnosis and treatment are concerned. Today a big part of the world is in a lockdown. In this situation even the few attempts of governments to provide the masses with vital material prove to be completely inadequate. Food, medicine and sanitary materials are not being made available to the working masses. It is as if the only thing left for the exploited and oppressed, for the poorest of the world, to do is to die. Those in power and the rich take care of their own survival.

Imperialist blockades against dependent countries are a further crime that aggravates the dramatic situation because of the pandemic.

This situation shows the whole degeneracy and incompetence of the imperialist world system! It shows that imperialism has entered a phase where it is no more viable. Socialism is the only answer. This is why the ICOR stands for the international coordination and cooperation of revolutionary parties and organizations in a revolutionary and socialist perspective on the whole world.

Even though the virus knows no class boundaries, the health systems are two-class systems. It becomes patently clear today that the future of humanity lies in classless communist society and the building of a world community without exploitation of humans and nature.

*The ICOR demands*

Far-reaching measures to ensure health care on the costs of profits. Food, sanitary materials, and other essentials for the masses!

Comprehensive creation of new jobs in the health system!

Immediate comprehensive protection measures for all the workers in the health sector and other vital sectors!

Immediate increase of salaries for those working in the health sector.

In-depth health information and free health care for everyone!

Stop national egoism and competition in research into the causes and in diagnosis and in treatment. For an open scientific discussion, but comprehensible to the masses!

No shifting of the crisis burdens onto the backs of the broad masses and the working class!

Resignation of irresponsibly acting politicians!

Immediate stop of socially non-vital industrial production! Release of blue and white collar workers from duty, with full wage compensation!

Disinfection of machines and tools for necessary production, observance of the minimum distance of 1.5 to 2 meters between workers!

Immediate state aid and emergency care for children and the elderly and people in need of help. Immediate help for homeless people, refugees, undocumented migrants and people in precarious situations.

Establishment of national emergency storages in all countries. In these, medical emergency provisions, chemical flame inhibitors for bush fires, flood pumps and other requisites for the handling of unprecedentedly critical pandemics and natural climate catastrophes shall be stored and be made available immediately when needed.

Suspension of debt burden for oppressed countries!

Together with the popular masses worldwide the ICOR seizes the initiative for:

Fight the shifting of the crisis burdens and the restriction of democratic rights and freedoms!

International cooperation for research into the causes, diagnosis, and treatment – instead of nationalism, chauvinism, and racism!

Fight for health, work, bread, peace – socialism!

Onward with the building of ICOR – Onward to socialism!

Signatories (as of 3 April 2020, further signatories possible):

PCPCI Parti Communiste Proletarien de Côte d'Ivoire

ORC Organisation Révolutionnaire du Congo (Revolutionary Organization of Congo), Democratic Republic of the Congo

MMLPL Moroccan Marxist-Leninist Proletarian Line

PCT Parti Comuniste du Togo (Communist Party of Togo), Togo

PPDS Parti Patriotique Démocratique Socialiste (Patriotic Democratic Socialist Party), Tunisia

MLOA Marxist-Leninist Organization of Afghanistan

CPI (ML) Red Star Communist Party of India (Marxist-Leninist) Red Star

Ranjbaran Hezb-e Ranjbaran-e Iran (Proletarian Party of Iran)

NCP (Mashal) Nepal Communist Party (Mashal)

PPRF Patriotic Peoples Republican Front of Nepal

БКП Българска Комунистическа Партия (Bulgarian Communist Party)

PR-ByH Partija Rada – ByH (Party of Labor – Bosnia and Herzegovina), Bosnia and Herzegovina

MLPD Marxistisch-Leninistische Partei Deutschlands (Marxist-Leninist Party of Germany)

UCLyon Unité Communiste Lyon (Communist United Lyon), France

UPML Union Prolétarienne Marxiste-Léniniste (Marxist-Leninist Proletarian Union), France

KOL Kommunistische Organisation Luxemburg (Communist Organization of Luxemburg)

RM Rode Morgen (Red Dawn), Netherlands

MLGS Marxistisch-Leninistische Gruppe Schweiz (Marxist-Leninist Group of Switzerland)

TIKB Türkiye İhtilalci Komünistler Birliği (Union of Revolutionary Communists of Turkey)

TKP-ML Türkiye Komünist Partisi – Marksist-Leninist (Communist Party of Turkey – Marxist-Leninist)

MLKP Marksist Leninist Komünist Parti Türkiye / Kürdistan (Marxist Leninist Communist Party Turkey / Kurdistan)

KSRD Koordinazionnyj Sowjet Rabotschewo Dvizhenija (Coordination Council of the Workers Class Movement), Ukraine

MLP Marksistsko-Leninskaja Platforma (Marxist-Leninist Platform), Russia

PCC-M Partido Comunista de Colombia – Maoista (Communist Party of Colombia – Maoist)

PCP (independiente) Partido Comunista Paraguayo (independiente) (Paraguayan Communist Party (independent))

PC (ML) Partido Comunista (Marxista Leninista) (Communist Party (Marxist-Leninist)), Dominican Republic

PS-GdT Plataforma Socialista – Golpe de Timón (Socialist Platform – Change of Course), Venezuela

ROL Revolutionary Organization of Labor, USA

PCR-U Partido Comunista Revolucionario del Uruguay (Revolutionary Communist Party of Uruguay)

CPA/ML Communist Party of Australia (Marxist-Leninist)

# कोरोनाभाइरस कसले र कसरी पत्ता लगाइएको थियो

*(लेखक जर्ज विन्टरको बीबीसी हिन्दीमा प्रकाशित लेखको अनुवाद)*



मानिसमा पहिलो पटक कोरोनाभाइरसको खोजी गर्ने महिला स्कटल्याण्डका एक बस ड्राइभरकी छोरी थिइन जसले १६ वर्षमा स्कूल छोडेकी थिइन । ती महिलाको नाम थियो जून अलमेडा, जसले भाइरस इमेजिङको क्षेत्रमा चर्चित व्यक्तित्वको सूचीमा आफ्नो नाम लेखाउन चाहन्थिन । तर कोभिड-१९ महामारीको समयमा जूनको काम चर्चा भइरहेको छ र उनको खोज चर्चाको केन्द्रमा छ ।

कोभिड-१९ एउटा नयाँ भाइरस हो तर यो कोरोना भाइरस परिवार भित्रकै एक प्रकारको भाइरस हो । कोरोना भाइरसको खोज भाइरोलोजिस्ट डाक्टर अलमेडाले सबैभन्दा पहिले सन १९६४ मा लण्डनको सेन्ट थोमस अस्पतालमा रहेको प्रयोगशालामा गरेकी थिइन ।

अलमेडाको जन्म सन १९३० मा स्कटल्याण्डको ग्लासगो शहरको उत्तर-पूर्वस्थित एक बस्तीमा बस्ने निकै साधारण परिवारमा भएको थियो । १६ वर्षको उमेरमा स्कूलको पढाई पूरा गरेपछि जूनले ग्लासगो शहरकै एक प्रयोगशालामा प्राविधिकको रूपमा काम गर्न सुरु गरिन । पछि उनी नयाँ सम्भावनाको खोज्नका लागि लण्डन गइन । त्यहाँ बार्थोलोमेउ अस्पतालमा आफ्नो करियर अघि बढाइन । सन १९५४ मा उनले भेनेजुलाका कलाकार एनरिके अलमेडासँग विवाह गरिन ।

उनले आफ्नो अनुसन्धानलाई सामान्य रुघा-खोकीमाथि केन्द्रीत गरिन । बीबीसीका लागि स्वास्थ्य क्षेत्रका लेखक जर्ज विन्टरका अनुसार विवाह गरेको केही वर्षपछि यो दम्पत्ती आफ्नी छोरीसँग क्यानडाको टोरोन्टो शहर गएका थिए । उनी त्यहाँको ओन्टोरियो क्यान्सर इन्स्टिच्युटमा इलेक्ट्रोनमाइक्रोस्कोपिस्टको रूपमा काम गरिन । औपचारिक शिक्षा थोरै भएपछि उनको क्षमताका कारण उनको क्रमशः प्रोमोशन भइरह्यो ।

क्यानडाकै ओन्टारियो क्यान्सर इन्स्टिच्युटमा डाक्टर जून अलमेडाले एक इलेक्ट्रोन माइक्रोस्कोपको सहारामा आफ्नो उत्कृष्ट कौशल विकसित गरिन । यो संस्थामा काम गर्दै गर्दा उनले एउटा यस्तो विधिमा विशिष्टता हाँसिल गरेकी थिइन जसको मद्दतले भाइरसको कल्पना गर्न निकै सजिलो भएको थियो ।

लेखक जर्ज विन्टरले बीबीसीसँगको कुराकानीमा भनेका छन्–'बेलायतले डाक्टर जून अलमेडाको कामको महत्वलाई बुझेर सन १९६४ मा उनलाई लण्डनको सेन्ट थोमस मेडिकल स्कूलमा काम गर्ने प्रस्ताव राख्यो । यो त्यहि अस्पताल हो जहाँ कोभिड-१९ बाट संक्रमित भएपछि ब्रिटेनका वर्तमान प्रधानमन्त्री बोरिस जोनसोनको उपचार भएको थियो ।

क्यानडाबाट फर्किएपछि डाक्टर अलमेडाले डाक्टर डेभिड टायरेलसँग मिलेर अनुसन्धानको काम सुरु गरिन । टायरेलले त्यतिबेला बेलायतको सेलिस्बरी क्षेत्रमा सामान्य रुघा-खोकीबारे अनुसन्धान गरिरहेका थिए ।

लेखक जर्ज विन्टरका अनुसार डाक्टर टायरेलले रुघा लागेका बेला नाकबाट बग्ने तरल पदार्थका विभिन्न नमूना जम्मा गरेका थिए र उनको समूहले लगभग सबै नमूनामा सामान्य रुघा-खोकी लाग्दा पाइने भाइरसमात्र देखिरहेका थिए ।

तर तीमध्ये एउटा नमूना अन्यको भन्दा बिल्कुल फरक थियो । यसलाई बी-८१४ नाम दिइएको थियो र यो सन १९६० मा एक बोर्डिङ स्कूलका विद्यार्ए्थीबाट लिइएको थियो ।

कोरोनाभाइरस नाम कसले दियो ?

डाक्टर टायरेलले उक्त नमूनाका परीक्षण गर्न चाहे । यसका लागि उनले डाक्टर जून अलमेडाको मद्दत लिने सोचे । उक्त स्याम्पल परीक्षणका लागि डाक्टर अलमेडालाई पठाइयो, जसले परीक्षणपछि भनिन, 'यो भाइरस इन्फ्लूएन्जाजस्तो देखिन्छ तर यो त्यो होइन, यो निकै भिन्न छ ।' र यो त्यहि भाइरस हो जसको पहिचान पछि डाक्टर जून अलमेडाले कोरोनाभाइरसको रूपमा गरिन ।

जर्ज विन्टरले भनेका छन् 'डाक्टर अलमेडाले वास्तवमा यो भाइरसजस्तो कण योभन्दा अघि मुसामा पाइने हेपिटाइटिस र कुखुरामा हुने संक्रमित रोग ब्रोन्काइटिसमा देखेकी थिइन ।'

विन्टरका अनुसार डाक्टर जूनको पहिलो रिसर्च पेपर खारेज गरियो । उनले इन्फ्लूएन्जा भाइरसकै खराब तस्बिर पेश गरेको भन्दै उनको उक्त रिसर्च पेपर रद्द गरिएको थियो ।

तर स्याम्पल संख्या बी-८१४ माथि गरिएको यो नयाँ अनुसन्धानलाई सन १९६५ मा प्रकाशित भएको ब्रिटिश मेडिकल जर्नलमा र त्यसको दुई वर्षपछि जर्नल अफ जेनरल वायरोलोजीमा तस्बिरसहित प्रकाशित गरियो ।

जर्ज विन्टरका अनुसार डाक्टर टायरेल, डाक्टर अलमेडा र सेन्ट थोमस मेडिकल संस्थानका प्राध्यापक टोनी वाटरसनले यो भाइरसको अग्लो-होचो बनावट देखेरै यसको नाम कोरोनाभाइरस राखेका थिए ।

पछि जून अलमेडाले लण्डनको पोस्टग्रेजुएट मेडिकल कलेजमा काम गरिन, त्यहिँबाट उनले आफ्नो डक्ट्रेटको पढाई पनि पूरा गरिन । आफ्नो करियरको अन्तिम दिनमा डाक्टर जून अलमेडा वेलकम इन्स्टिच्युटमा थिइन,जहाँ उनले इमेजिङमार्फत थुप्रै नयाँ भाइरसको पहिचान गरिन ।

वेलकम इन्स्टिच्युटबाट अवकाश लिएपछि डाक्टर अलमेडा योगा शिक्षिका बनेकी थिइन । तर सन १९८० को दशकमा उनलाई संरक्षकको रूपमा एचआइभी भाइरसको नोवल तस्बिर लिनका लागि बोलाइएको थियो । सन २००७ मा जून अलमेडाको निधन भयो । त्यतिबेला उनी ७७ वर्षकी थिइन ।

अब उनको मृत्यु भएको १३ वर्ष बितिसकेको छ र उनको कामले अहिले मान्यता पाइरहेको छ जसको उनी हकदार थिइन । एक उत्कृष्ट अनुसन्धानकर्ताको रूपमा उनको स्मरण गरिँदैछ किनभने उनको अनुसन्धानकै कारण अहिलेको समयमा संसारभरी फैलिरहेको कोरोनाभाइरसको संक्रमण बुझ्न मद्दत पाइरहेको छ ।

## ६२ जना...

गरिरहेको छ ।'

अपिलमा आस्थाका बन्दीहरूको रिहाईको माग गर्दै अगाडि भनिएको छ, 'कोरोनाको महामारीले विश्वमानव र मानवीयता गम्भीर सङ्कटमा परेको यसबेला न्याय र परिवर्तनका लागि कलम चलाउने र आवाज उठाउने आस्थाका बन्दी बनाइएका यी लेखक, कवि, पत्रकार, प्राध्यापक तथा सांस्कृतिक कर्मीहरूको जीवन जोखिममा छ र उहाँहरूको जीवनरक्षाका लागि चौतर्फी आवाज उठाउनु तथा सम्बद्ध राज्यहरूलाई दबाब दिनु अत्यावश्यक भएको छ । यस सङ्गीन घडीमा हामी तपसिलका लेखक, प्राध्यापक तथा सांस्कृतिक कर्मीहरू अन्यायपूर्ण ढङ्गले बन्दी बनाइएका आस्थाका बन्दीहरूको जीवनरक्षाप्रति संवेदनशील हुँदै नेपाली सांस्कृतिक कर्मी माइला लामा लगायतका नेपाली राजबन्दीहरू तथा भारतीय जेलामा रहेका वरवर राव, आनन्द तेलतुम्डे, गौतम नवलखा, जी. एन. साइबाबा लगायतका लेखक तथा सामाजिक अभियन्ताहरूको बिनासर्त रिहाइको माग गर्दछौं ।'

अपिलमा टर्कीकी सांस्कृतिक सहिद हेलिना बोलेकप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै उहाँहरूको साम्राज्यवादविरोधी आन्दोलनप्रति ऐक्यबद्धता पनि प्रकट गरेको छ र कवि वरवर राव लगायत भारतीय लेखकहरूको रिहाइका लागि भारतका लेखकहरूले राज्यलाई दाबाब दिनका लागि सञ्चालन गरिरहेको अभियानप्रति पनि ऐक्यबद्धता प्रकट गरेको छ ।

अपिल जारी गर्नेहरूमा १. निनु चापागाईं, २. प्रा. डा. जगदीश चन्द्र भण्डारी, ३. रोशन जनकपुरी, ४. प्रा.डा. ताराकान्त पाण्डेय, ५. आहुति, ६. मित्रलाल पंज्ञानी, ७. इस्माली, ८. प्रा. डा. नन्दीश अधिकारी, ९. हीरामणि दुःखी, १०. खेम थपलिया, ११. प्रा. डा. कृष्ण बेलबासे, १२. सह प्रा.कर्णबहादुर थापा, १३. कुमार थापा, १४. प्रा. श्रीधर अधिकारी, १५. डा. रामप्रसाद ज्ञवाली, १६. लोकराज रेग्मी, १७. तक्मा के. सी., १८. मोदनाथ मरहट्टा, १९. विष्णु भण्डारी, २०. बलराम तिमिल्सिना, २१. सङ्गीत स्रोता, २२. विनोदविक्रम के. सी., २३. राजु स्याङ्तान, २४. नवीन विभास, २५. डा. कृष्णराज अधिकारी, २६. डा. सुकुम शर्मा, २७. परशुराम कोइराला, २८. नुमराज बराल, २९. पोषराज पौडेल, ३०. भीम रानाभाट, ३१. सीता शर्मा, ३२. गौरी दाहाल, ३३. शोभा दुलाल, ३४. राजेश बान्तवा, ३५. डा. विदुर वस्ती, ३६. प्रभात सापकोटा, ३७. पूर्णबहादुर अधिकारी, ३८. छायादत्त न्यौपाने, ३९. देवेन्द्र लम्साल, ४०. रविकिरण निर्जीव, ४१. ईश्वरी ओझा, ४२. अनिल श्रेष्ठ, ४३. हुकुमबहादुर सिंह, ४४. उमेश आचार्य, ४५. कल्पना चिलुवाल, ४६. कृष्णहरि भट्ट, ४७. चन्द्रा थानी, ४८. पञ्चकुमारी परियार, ४९. विष्णु न्यौपाने, ५०. वसन्त बोगटी, ५१. असल पाख्रिन, ५२. जय दाहाल, ५३. कमल निओल, ५४. सुनिता बुढाथोकी, ५५. चित्रनारायण थारू, ५६. नारायण परिश्रमी, ५७. बन्दना ढकाल, ५८. शीला योगी, ५९. खगेश्वर भण्डारी, ६०. प्रकाश खनाल, ६१. इन्द्र राउत, ६२. रतन भण्डारी, ६३.सुकन्या सुकन्यालगायत रहेका छन् ।

# कोरोना भाइरसलाई हेर्ने दृष्टिकोणबारे



● हुकुमबहादुर सिंह ●

*विकासको नाममा हातहतियारको बलमा, आ-आफ्ना बहुराष्ट्रिय कम्पनीहरूमार्फत विश्वका गरीव देशहरूमा भएका प्राकृतिक स्रोतहरूको विध्वम्स गरेर आफ्नो देशका जनतालाई मात्रै अन्यको तुलनामा सुखी, समृद्धि र श्रेष्ठ देखाउने अति महत्वाकांक्षाको परिणाम हो यो अहिलेको माहामारी । सारांशमा सहभागितामूलक विकासका विरुद्ध भडुवा विकासवादको नकारात्मक परिणाम भन्दा फरक पर्ने छैन । मानिस एउटा सामाजिक प्राणी हो भन्ने पूर्वीया दर्शनमाथि एकाधिकार पुँजीवादलाई राम्रो देख्ने अमेरिकी तथा बेलायती नवउदारवादी राजनीतिको पराकाष्ट हो यो महामारी*

*१. के हो कोरोना भाइरस*

कोभिड-१९ एउटा नोवल (नयाँ) भाइरस हो तर यो कोरोना भाइरस परिवार भित्रकै एक प्रकारको भाइरस हो । कोरोना भाइरसको खोज भाइरोलोजिस्ट डाक्टर अलमेडाले सबैभन्दा पहिले सन् १९६४ मा लण्डनको सेन्ट थोमस अस्पतालमा रहेको प्रयोगशालामा गरेकी थिइन् ।

अलमेडाको जन्म सन् १९३० मा स्कटल्याण्डको ग्लासगो शहरको उत्तर-पूर्वस्थित एक बस्तीमा बस्ने निकै साधारण परिवारमा भएको थियो । १६ वर्षको उमेरमा स्कूलको पढाई पूरा गरेपछि जूनले ग्लासगो शहरकै एक प्रयोगशालामा प्राविधिकको रूपमा काम गर्न सुरु गरिन । पछि उनी नयाँ सम्भावनाको खोजका लागि लण्डन गइन । त्यहाँ बाथीलोमेउ अस्पतालमा आफ्नो करियर अघि बढाइन ।

उनले आफ्नो अनुसन्धानलाई सामान्य रुघा-खोकीमाथि केन्द्रीत गरिन । विवाह गरेको केही वर्षपछि उनी पती र आफ्नी छोरीसँग क्यानडाको टोरोन्टो शहर गइन । उनी त्यहाँको ओन्टोरियो क्यान्सर इन्स्टिच्युटमा इलेक्ट्रोनमाइक्रोस्कोपिस्टको रूपमा काम गरिन ।

क्यानडाकै ओन्टारियो क्यान्सर इन्स्टिच्युटमा डाक्टर जून अलमेडाले एक इलेक्ट्रोन माइक्रोस्कोपको सहारामा आफ्नो उत्कृष्ट कौशल विकसित गरिन । यो संस्थामा काम गर्दै गर्दा उनले एउटा यस्तो विधिमा विशिष्टता हाँसिल गरेकी थिइन जसको मद्दतले भाइरसको कल्पना गर्न निकै सजिलो भएको थियो ।

बेलायतले डाक्टर जून अलमेडाको कामको महत्वलाई बुझ्ेर सन १९६४ मा उनलाई लण्डनको सेन्ट थोमस मेडिकल स्कूलमा काम गर्ने प्रस्ताव राख्यो । यो त्यहि अस्पताल हो जहाँ कोभिड-१९ बाट संक्रमित भएपछि ब्रिटेनका वर्तमान प्रधानमन्त्री बोरिस जोनसोनको उपचार भएको थियो ।

क्यानडाबाट फर्किएपछि डाक्टर अलमेडाले डाक्टर डेभिड टायरेलसँग मिलेर अनुसन्धानको काम सुरु गरिन । टायरेलले त्यतिबेला बेलायतको सेलिस्बरी क्षेत्रमा सामान्य रुघा-खोकीबारे अनुसन्धान गरिरहेका थिए ।

डाक्टर टायरेलले रुघा लागेका बेला नाकबाट बग्ने तरल पदार्थका विभिन्न नमूना जम्मा गरेका थिए र उनको समूहले लगभग सबै नमूनामा सामान्य रुघा-खोकी लाग्दा पाइने भाइरसमात्र देखिरहेका थिए । तर तीमध्ये एउटा नमूना अन्यको भन्दा बिल्कुल फरक थियो । यसलाई बी-८१४ नाम दिइएको थियो र यो सन १९६० मा एक बोर्डिङ स्कूलका विद्यार्थीबाट लिइएको थियो ।

*२. कोरोनाभाइरस नाम कसले दियो ?*

डाक्टर टायरेलले बी-८१४ नमूनाका परीक्षण गर्न चाहे । यसका लागि उनले डाक्टर जून अलमेडाको मद्दत लिने सोचे । उक्त स्याम्पल परीक्षणका लागि डाक्टर अलमेडालाई पठाइयो जसले परीक्षणपछि भनिन, 'यो भाइरस इन्फ्लूएन्जाजस्तो देखिन्छ तर यो त्यो होइन, यो निकै भिन्न छ ।' र यो त्यहि भाइरस हो जसको पहिचान पछि डाक्टर जून अलमेडाले कोरोनाभाइरसको रूपमा गरिन ।

डाक्टर टायरेल, डाक्टर अलमेडा र सेन्ट थोमस मेडिकल संस्थानका प्राध्यापक टोनी वाटरसनले यो भाइरसको अग्लो-होचो बनावट देखेरै यसको नाम कोरोनाभाइरस राखेका थिए ।

सन २००७ मा जून अलमेडाको निधन भयो । त्यतिबेला उनी ७७ वर्षकी थिइन । अब उनको मृत्यु भएको १३ वर्ष बितिसकेको छ र उनको कामले अहिले मान्यता पाइरहेको छ जसको उनी हकदार थिइन । एक उत्कृष्ट अनुसन्धानकर्ताको रूपमा उनको स्मरण गरिँदैछ किनभने उनको अनुसन्धानकै कारण अहिलेको समयमा संसारभरी फैलिरहेको कोरोनाभाइरसको संक्रमण बुझ्न मद्दत पाइरहेको छ ।

*३. कोरोना भाइरसलाई हेर्ने दृष्टिकोणवारे*

कोरोना भाइरस विश्व मानव समुदायका लागि एउटा स्वास्थ्य माहामारीको रूपमा अगाडि देखिएको छ, यसमा कसैको विमति देखिदैन । तर यो एउटा स्वास्थ्य माहामारीको रूपमा देखिनुका साथै यसले विश्व मानव समुदायलाई केही कुराहरूमा सचेत रहनु पर्ने केही पाठहरू पनि सिकाउँदै छ भन्नेहरूको संख्या पनि दिनोदिन बढदैछ । एउटा के स्पष्ट देखिदैछ भने यसले विश्वका देशहरूको आन्तरिक र बाह्य अन्तरविरोधहरूलाई बाहिर ल्याउने कामगर्दैछ । त्यतिमात्रै होइन यसले प्रकृति(पर्यावरण), मानिस, जनावर, पशुपन्छी तथा पृथ्वीमा रहने अनगिन्ति जलचर तथा थलचरहरू बीचको अन्योन्याश्रीत सम्वन्धमाथि एकाधिकार पुँजीवादका लागि काम गर्ने बहुराष्ट्रिय कम्पनीहरूद्धारा विकसित विश्व बजारको हैकमले उत्पन्न गरेका समस्याहरूलाई क्रमसः बाहिर ल्याउने काम पनि गरेको छ । दर्शनको दृष्टिकोणले हेर्ने हो भने विश्वमा धर्मको नाममा, जातिको नाममा, लिंगको नाममा, मानिसबाट मानिसमा गरिने भेदभाव, शोषण र मानिसले आफ्नो व्यक्तिगत नाफा, स्वाद र सन्तुष्टीका लागि प्रकृतिमाथि गरिने अनेकौ शोषण र दोहनका विरुद्धको एउटा विद्रोह पनि हो यो भन्नेहरूको आवाज पनि सुनिन थालिएको छ ।

विश्व साम्राज्यवाद(उत्तर अमेरिका तथा पश्चिमी युरोपका देशहरू)ले विकासको नाममा हातहतियारको बलमा, आ-आफ्ना बहुराष्ट्रिय कम्पनीहरूमार्फत विश्वका गरीव देशहरूमा भएका प्राकृतिक स्रोतहरूको विध्वम्स गरेर आफ्नो देशका जनतालाई मात्रै अन्यको तुलनामा सुखी, समृद्धि र श्रेष्ठ देखाउने अति महत्वाकांक्षाको परिणाम हो यो अहिलेको माहामारी । सारांशमा सहभागितामूलक विकासका विरुद्ध भडुवा विकासवादको नकारात्मक परिणाम भन्दा फरक पर्ने छैन । मानिस एउटा सामाजिक प्राणी हो भन्ने पूर्वीया दर्शनमाथि एकाधिकार पुँजीवादलाई राम्रो देख्ने अमेरिकी तथा बेलायती नवउदारवादी राजनीतिको पराकाष्ट हो यो महामारी । धर्मभिरुहरूको दृष्टिमा यो सत्ययुगका लागि ढोका ढक्ढकाइरहेको सन्देश हो । यो महामारी भने एउटा द्धन्द्धात्मक भौकिवादीका लागि भने सर्वहारा तथा गरीववर्गहरू एक जूट भएर उठन आवश्यक छ र बहुराष्ट्रिय कम्पनीहरूले गरीवदेशभित्रका प्राकृतिक स्रोतमाथिको दोहनका विरुद्ध ती देशका जनताहरू संगठित भएर उठनु आवश्यक छ भन्ने वैज्ञानिक समाजवादको औचित्यता र आवश्यकताको सन्देश हो यो महामारी ।

*४. कोरोना भाइरसले गर्दा सतहमा आएका अन्तरविरोधहरू*

*४(क) अमेरिकाभित्र ट्रम्पका विरुद्द चर्को विरोध*

यो महामारीको केन्द्र अहिले विश्वका सम्पन्न र धनी भनिने देशहरू भएका छन् । अहिलेसम्मको आंकडाले संरा अमेरिकाले त्यसको नेतृत्व गरिरहेकोछ । र परिणाम अमेरिकाभित्र र बाहिर वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पका विरुद्द आवाजहरू उठीरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विरुद्दमा न्युयोर्क लगायतका राज्यका गभर्नर खनिएका छन् । न्युयोर्कमा मात्र १२ हजारभन्दा बढी मानिसको कोरोना संक्रमणका कारण ज्यान गइसक्दा पनि त्यहाँ लगाइएको प्रतिबन्ध खोलेर जनताको जीवनमाथि खेलवाड गर्न खोजेको भन्दै राष्ट्रपति ट्रम्पमाथि त्यहाँका गभर्नर एन्डू कुमोले चर्को विरोध गरेका हुन् । उनलाई अन्य आधा दर्जन राज्यका गभर्नरहरूले समेत साथ दिएका छन् । अहिले राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकहरूले अमेरिकाका विभिन्न ठाउँहरूमा त्यहाँ लगाइएको प्रतिबन्ध खोल्न दवाव स्वरूप हतियार सहीत प्रदर्शन गरीरहेका छन् । अमेरिकामा अहिले अचम्मको अवस्था उत्पन्न भएको छ, राष्ट्रपति र उनका समर्थक लकडाउन खोल्न दवावदिन सडकमा उत्रने, गभर्नरहरू र अमेरिकी स्वास्थ्यकर्मीहरू भने लकडाउन लगाउन दवाव दिने ।

अमेरिकामा दैनिक करीव तीनहजारको कोरोनाका कारण मृत्यु भइरहेको छ । मर्नेहरूको अत्यधिक संख्या काला छन् र यति धेरै मानिसहरूको ज्यान गैसक्दा पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यहाँ लगाइएको प्रतिबन्ध हटाउन खोजिएको र संक्रमण नियन्त्रण गर्न बेवास्ता गरेको भन्दै अहिले त्यहाँ उनको सर्वत्र विरोध भैरहेको छ । न्युयोर्कका गभर्नर कुमो राष्ट्रपति ट्रम्पको विपक्षमा उभिएका छन । सुरुदेखि नै राष्ट्रपति ट्रम्पले न्युयोर्कमा प्रतिबन्ध खुल्ला गर्नेतर्फ संकेत गरेका थिए ।

गत बैशाख २ गते मंगलबार राष्ट्रपति ट्रम्पको उक्त कदमको तिव्र विरोध गर्दै गभर्नर कुमोले भने, 'ट्रम्प राजा होइनन, राष्ट्रपति हन, हामी उनको भनाईबाट प्रतिबन्ध हटाउन सक्दैनौ ।' उनले भने,'यदि ट्रम्पले मलाई प्रतिबन्ध हटाउन आग्रह गरे भने म त्यस्तो काम गर्न सक्दिन, मेरो यसमा स्पष्ट अडान छ । यस्तो कामले जनताको जीवनलाई खतरामा पार्दछ । यो डरलाग्दो समयमा हामीले तानाशाही मनोवृत्तिबाट अलग रहनुपर्छ ।' उनले ट्रम्प अमेरिकाका राष्ट्रपति भएको तर राजा नभएको बताउँदै आफुले सँगै काम गर्न चाहेको बताए । उनले भने, 'यस भाइरसले कुनै अमेरिकन, डेमोक्रयाट वा रिपब्लिकन भन्दैन, अहिले सचेत हुनुपर्छ, राजनीति पछि पनि गर्न सकिन्छ ।' राष्ट्रपति ट्रम्प न्युयोर्क लगायतका राज्यहरूमा लगाइएका प्रतिबन्धहरू खुलाएर आर्थिक गतिविधि सुरु गर्ने पक्षमा छन । तर राज्यहरूले भने कोरोना संक्रमण नियन्त्रण गर्ने विषयलाई पहिलो प्राथमिकतामा राखेका छन ।

पूर्वी र पश्चिम तटीय राज्यहरूले त केन्द्रीय सरकारको विरुद्दमा गठबन्धन समेत बनाएका छन । राष्ट्रपति ट्रम्पले यसलाई विद्रोहको संज्ञा दिँदै आएका छन । यही कुरा बुझ्ेर राष्ट्रपति ट्रम्पले बैशाख १ गते सोमबार राज्यका गभर्नरहरूलाई अप्रत्यक्ष रूपमा धम्की दिँदै भनेका थिए, 'राष्ट्रपतिको रूपमा म प्रतिबन्ध खोल्ने आदेश पुनः दिन सक्छु ।' तर 'न्युयोर्क टाइम्स' ले संविधानविदहरूको भनाईलाई उदृत गर्दै राष्ट्रपति ट्रम्पसँग त्यस्तो अधिकार नभएको दाबी गरेको छ । अमेरिकाका ७ वटा राज्यका गभर्नरहरूले राष्ट्रपति ट्रम्पलाई चुनौती दिइरहेका छन । न्युयोर्क, न्यु जर्सी, रोड आइल्यान्ड, कनेटिकट, डेलावेयर, म्यासाचुसेट्स र पेन्सिलभेनिया राज्यका गभर्नरहरूसँग ट्रम्पको टकराव देखिएको हो ।

ट्रम्पले एकातिर आफ्नो र अन्य व्यापारिहरूको व्यापारमा घाटा नपरोस भनेर लकडाउनको विरोध गर्दै देशभित्र अमेरिकीहरूलाई मर्न प्रोत्साहित गरिरहेका छन्, देशबाहिर अमेरिकीहरूको उनीहरू विरुद्ध बढन सक्ने विरोधको विद्रोहलाई अन्त्यै मोडन चीन र विश्व स्वास्थ्य संगठनको विरोध गरीरहेका छन् । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले विश्व स्वास्थ्य संगठनलाई दिँदै आएको रकम बन्द गर्न आफूले प्रशासनलाई निर्देशन दिएको जानकारी दिएर विश्व स्वास्थ्य संगठनलाई दिँदै आएको रकम रोक्ने घोषणा गरेका छन् ।

हिजो(अप्रिल १८) सम्मको आंकडामा विश्वमा जम्मा संक्रमित संख्या २२ लाख ५९हजार ३ सय ५२ छन् भने र मृत्यूसंख्या १ लाख ५४ हजार ४सय १ पुगेको छ । यसमा अमेरिका, स्पेन, इटली, फ्रान्स, जर्मन र युके संक्रमितको संख्याको हिसाबले उच्चस्थानमा पर्छन । त्यसरी नै इटाली, अमेरीका, स्पेन, फ्रान्स, बेलायत मृत्यूदर उच्च हुने मुलुकह? हुन ।

यहाँ एकैदिन २६ हजार ९ सय ४५ संक्रमित भेटिएपछि कूल संक्रमितको संख्या ७ लाख १० हजार २ सय ७२ पुगेको छ । संक्रमितमध्ये १३ हजार ४ सय ७३ को स्थिती नाजुक छ भने मर्नेको संख्या ३७ हजार १ सय ७५ छ ।

*४(ख) डोनाल्ड ट्रम्प र विश्व स्वास्थ्य संगठन बीच चर्को विवाद*

ट्रम्पले विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरस संक्रमण रोक्नका लागि आधार भूत काम गर्न पनि असफल भएको आरोप लगाएका छन् र उनले भनेका छन्- 'जब चीनबाट कोरोनाभाइरसको संक्रमणको सुरुवात भयो तब संयुक्त राष्ट्रको यो संगठनले यसलाई सम्हालन असफल रह्यो र वास्तविक तस्बिर लुकाइरह्यो ।' यसअघि ट्रम्पले विश्व स्वास्थ्य संगठनलाई 'चीन परस्त' भएको आरोपसमेत लगाएका थिए ।

संसारकै स्वास्थ्य र मानवतामा समर्पित विश्व स्वास्थ्य संगठनमाथि उनले चाहिदो नचाहिँदो आरोप लगाउँदै आएका छन । उनले विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा ट्रेडोस आधानोमलाई गर्नु नगर्नु गाली गरेका छन । उनको बोली र प्रतिक्रियालाई आधार मान्दै डा. ट्रेडोसलाई 'वुहानमा रोग छेक्न भन्दा चीनको इमेज रक्षागर्न लागेको सुरुमा प्रचार भयो । त्यसपछि डब्लुएचओको निर्देशन नमान्ने मनोविज्ञान संप्रेषण गरियो, जसका कारण अमेरिका झन ठूलो थलामा पर्‍यी । डब्लुएचओ गाइडलाइन उनले धेरै लत्याइए । डब्लुएचओमाथि तेस्रो प्रहार भयो । अब पैसा किन दिने ? यसपछि चौथो प्रहार भयो 'दूध खुवाएर ढाडे विरालो पालिदैन ।' आदि इत्यादी धेरै प्रहारहरू भएका छन् । अप्रिल १४(मंगलबार)सम्म आइपुग्दा त सहयोग रोक्ने चेतावनी प्रष्टै सम्प्रेषण भएको छ ।

उता चीनसँग चिढिने र अमेरिकासँग लहसिने विश्लेषक र पत्रकारहरूले कार्टुनिष्टहरू प्रयोग गरी महानिर्देशक ट्रेडोस चिनियाँ कम्युनिष्ट पार्टीको कार्यकर्ता भएको संप्रेषण गरेका छन । फेब्रअरी ४ मै हङकङका ३१ वर्षीय युरीक चोले सार्वजनिक गरेको स्केच फोटोलाई अहिले अमेरिकी पक्षधरले फैलाएका छन । फोटो अफ द डे, फोटो अफ द विक, फोटो अफ द मन्थ भन्दै डा ट्रेडोसले आँखामा सिपीसीको झण्डावाला पट्टी लगाएको र त्यसमाथि सर्जिकल चश्मा लगाएर बोलिरहेको फोटो निकै प्रचारमा ल्याइएको छ । 'चीनले गरेको प्रयास र पादर्शिताबारे सहि बोलेको' कारण ट्रम्प उत्तजेति भएको विश्लेषण पनि यतिबेला गरिएको छ ।

ताइवान न्युजले हङकङको स्केचलाई प्रचार गरेर सुरु गराइएको यो कच्चि खेलले अमेरिकालाई नै घाटा पुग्ने विश्लेषण पनि भइरहेका छन । घमण्ड र उसको मनोवल गिराउन जे पनि बोल्ने ट्रम्पलाई विश्व मानव समुदायले राम्रो मानेका छैनन ।

४(ग) ट्रम्पको विश्व स्वास्थ्य संगठनमाथिको आरोप

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमा कोरोनाभाइरस फैलिएपछि विश्व स्वास्थ संगठनले सूचना लुकाउन खोजेको र संक्रमण व्यवस्थापनका लागि राम्रो भूमिका खेल्न नसकेको आरोप लगाएका छन ।

ट्रम्पका अनुसार गत डिसेम्बरमै मानिसबाट मानिसमा सर्नसक्छ भन्ने शंका गर्नका लागि पर्याप्त जानकारी थियो, ताइवानले डब्लूएचओलाई पठाएको भनिएको चेतावनीको हवाला दिँदै उनले यस्तो दाबी गरे ।

पहिलोपटक भाइरस देखिनासाथ ताइवानी वैज्ञानिकले बुहान भ्रमण गरेका थिए । तर प्रकाशित तथ्यले देखाएअनुसार ताइवानले डब्लूएचओलाई गराएको जानकारीमा मानिसबाट मानिसमा सर्नसक्ने विषय उल्लेख छैन ।

ताइवान डब्लूएचओको सदस्य छैन किनकी यसको भूभागलाई संयुक्त राष्ट्रसंघले मान्यता दिएको छैन । डब्लूएचओका अनुसार उसले डब्लूएचओका स्वास्थविद्हरूसँग सबै जानकारी भने बाँडिरहेको छ ।

तर, गत महिना महामारीबारे ताइवानको प्रतिक्रियामा बहस गर्न एक वरिष्ठ अधिकारीले अस्वीकार गरे, त्यसपछि डब्लूएचओमाथि चीनबाट प्रभावित भएको आरोप लाग्यो ।

तर, ट्रम्पको आरोपलाई उनले अमेरिकाको पूर्व तयारी कम हुँदा खेप्नुपरेका दोषबाट जनताको ध्यान मोड्न गरिएको प्रयास भन्न चाहे । डब्लूएचओले ट्रम्पलाई प्रतिक्रिया दिँदै आफ्ना कदमको समीक्षा गर्ने जनाएको छ, तर उसले आफ्नो निर्देशिकाले मानिसमा संक्रमण सीमित गर्ने मनसाय राखेको पनि उल्लेख गरेको छ ।

भाइरसबारे चीनले सुरुवातमा देखाएको प्रतिक्रियाको प्रशंसा गरेको भन्दै डब्लूएचओको आलोचना भइरहेको छ । तर, ट्रम्प आफैले २४ जनवरीमा ट्वीटमार्फत चीनको प्रशंसा गरेका थिए ।

यद्यपी, चिनियाँ अधिकारीले सुरुवातमा बुहानमा महामारीलाई ढाकछेप गर्ने प्रयास गरेका थिए र उठेका सरोकारहरूलाई मत्थर गर्न खोजेका थिए । डब्लूएचओले भ्रमण प्रतिबन्ध जरुरी नरहेको गलत सल्लाह दिएको र चीन र अन्य देशबाट आउनेमाथि अमेरिकाले प्रतिबन्ध लगाउन उनीहरूका पक्षमा लडेको ट्रम्पको आरोप छ । तर डब्लूएचओले प्रत्यक्ष रूपमा कहिल्यै अमेरिकाको यो कदमको विरोध गरेको छैन र सीमा वा भ्रमणमा कडाई गर्ने काम राष्ट्रिय सरकारको हो ।

डब्लूएचओले सुरुवातमा सल्लाह भने दिएको थियो । १० जनवरीमा उसले कुनै अन्तर्राष्ट्रिय कडाई गर्नुपर्ने अवस्था नरहेको सिफारिस गरेको थियो र जनवरीको अन्त्यमा स्वास्थ्य संकट घोषणा गर्दा पनि उसले यो कुरा दोहोर्‍याएको थियो ।

डब्लूएचओले भनेको थियो, 'स्वास्थ्य संकटका बेला सामाग्री तथा मानिसको आवतजावतमा कडाई गर्नु कतिपय अवस्थामा निष्प्रभावी हुनसक्छ ।' डब्लूएचओले सीमा बन्द गर्दा अवैधानिक रूपमा भ्रमण गर्न चाहनेको संख्या बढ्ने र यसले महामारी रोक्नुको सट्टा उल्टै फैलन सक्नेतर्फ सचेत गराएको थियो ।

तर डब्लूएचओको यो सल्लाहलाई अमेरिकासहित धेरै देशले अन्ततः बेवास्ता गरे । ट्रम्पले २ फेब्रअरीदेखि लागु गरेको नियमअनुसार उक्त मितिभन्दा १४ दिनअघिसम्म चीन घुमेका कुनै पनि विदेशी यात्रुह?लाई अमेरिका भ्रमणमा प्रतिबन्ध लगाइएको थियो । ट्रम्पले यस्तो नियमले कोरोना फैलने जोखिम घटाएको समेत बताएका थिए ।

ह्वाइट हाउसका स्वास्थ्य सल्लाहकार एन्थोनी फाउचीले भनेका थिए, 'चीन र भर्खरमात्रै मात्र युरोप आउनेहरूका लागि हामीले लगाएको प्रतिबन्धले भाइरसको बिजारोपण हुन नदिनका लागि ठूलो भूमिका खेल्छ ।' तर फेब्रअरीमा जर्नल अफ इमर्जेन्सी म्यानेजमेन्टले प्रकाशित गरेको अध्ययनअनुसार विगतका भाइरस, जस्तै इबोला र सार्सलाई हेर्दा भ्रमण प्रतिबन्धले संक्रमण फैलन नदिनका लागि छोटो समयमात्रै काम गरेको थियो ।

*४(घ) डब्लूएचओबि?द्ध टिप्पणीः ट्रम्प कति सही, कति गलत ?*

लण्डन स्कूल अफ हाइजिन र ट्रपिकल मेडिसिनका पिटर पियोट यस निर्णयलाई खतरनाक र अदूरदर्शी भन्छन । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले भाइरसबारे देखाएको प्रतिक्रियाका विषयमा ट्रम्पले यस्तो टिप्पणी किन गरे त ? बिल र मिलिन्डा गेट्सले डब्लूएचओमाथि ट्रम्पको निर्णयलाई खतरनाक बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी जनतामाथि अकी तनाव थपिरहेका छन ।उनको जिद्धि, हठ र अराजक स्वभावले उनीसँग अहिले विश्वमात्र चिढिएको छैन, स्वयम अमेरिकी जनतामा उनीप्रतिको मोह भंग हुँदै गएको छ ।

*४(ङ)डब्लूएचओले के गर्छ ?*

सन १९४८ मा डब्लूएचओ स्थापना भएको थियो । यो संयुक्त राष्ट्रसंघकै एउटा अंग हो । यसले जनस्वास्थ्यसँग सम्बन्धित विषय जस्तै, भ्याक्सिन अभियान र स्वास्थ संकटमा सहकार्य गर्ने र देशह?लाई प्राथमिक स्वास्थ्यमा सहयोग गर्ने गर्छ । यसका लागि विश्वका १ सय ९४ सदस्य राष्ट्रले सहयोग गर्छन र अमेरिका सबैभन्दा ठूलो सहयोगकर्ता हो ।

*४(च) के चीनलाई च्यालेन्ज गर्न डब्लूएचओ असफल भएको हो ?*

ट्रम्पको आरोप छ, मानिसबाट मानिसमा कोरोनाभाइरस सर्दैन भन्ने चीनको सुरुवाती ठहरलाई चुनौती दिन डब्लूएचओ असफल भयो । चीनले ३१ डिसेम्बरमा पहिलोपटक ' अज्ञात कारणले निमोनिया देखिएको' जानकारी डब्लूएचओलाई गराएको थियो । ५ जनवरीमा डब्लूएचओले तत्कालीन समय चीनबाट प्राप्त जानकारीअनुसार भाइरस मानिसबाट मानिसमा सर्ने पर्याप्त प्रमाण नदेखिएको जनाएको थियो ।

फेरि, १४ जनवरीमा डब्लूएचओले यसबारे जानकारी दियो । प्रारम्भिक चिनियाँ अनुसन्धानअनुसार 'नयाँ भाइरस मानिसबाट मानिसमा सर्छ भन्ने स्पष्ट पुष्टि नभएको' ट्वीट डब्लूएचओले गरेको थियो ।

त्यही दिन बुहान स्वास्थ्य कमिसनले मानिसबाट मानिसमा संक्रमण सर्ने सिमित सम्भावनालाई नकार्न नसकिने, तर निरन्तर संक्रमणको जोखिम कम रहेको जनाएको थियो । त्यसपछि यही समय डब्लूएचओले अर्को विज्ञप्ती उसले सार्सजस्ता अन्य कोरोनाभाइरसको उदाहरण दिँदै मानिसबाट मानिसमा संक्रमण सर्नसक्ने जोखिम औंल्याएको थियो ।

२२ जनवरीमा बुहानमै गएर विस्तृत अध्ययन गरेपछि डब्लूएचओले थप स्पष्ट विज्ञप्ती निकाल्दै यो भाइरस बुहानमा मानिसबाट मानिसमा सरिरहेको जनायो । तर, महत्वपूर्ण कुरा, अन्तर्राष्ट्रिय विज्ञहरूको *बाँकी ७ पेजमा*

# चमत्कारवाद

*आफ्ना लावालस्करसहित नेता चमत्कारज्यूले डाडुपुन्यु समाइबसेको वर्षौं भइसक्दापनि जनगणको बेथिति जस्ताको तेस्तै रह्यो – नाङ्गा नाङ्गै, भोका भोकै । चम्किला पोटिला भए त नेतागण मात्रै । रामराज्यरूपी सुखस्वर्ग त  चमत्कार,चटक,करिष्मा,छलाङ प्रभृतिका घरआँगनमा मात्र फुत्रुक्क ओर्ल्यो । हुन त यो पनि एउटा चमत्कार नै थियो । जगतै उज्यालो पार्छु भनी विश्वासमा पारेको जनलाई आफ्नो मायावी मन्त्रणाले वशीभूत पारेर उज्यालोजति आफ्नो र मण्डलीको खोपीमा थुपार्दा पनि जनतालाई आफ्नो जयगान गाइरहने बनाउन सक्नु पनि चमत्कारवादको विशेषता हो*

● इस्माली

आज नेताजी असाध्यै खुशी थिए र भुइँमा न भाँडामा भएका थिए ,किनकि चमत्कारवादले अन्तर्राष्ट्रिय मान्यता पाएको थियो ।

कथाकहानीमा भनेजस्तो रामराज्य धरतीमा धेरै पहिल्यैदेखि  थिएन । नेताहरू भन्ने गर्दथे–रामराज्यरूपी सुखको स्वर्ग हरण गर्ने र त्यहाँ पुग्ने बाटो थुनछेक गर्ने शत्रु साम्राज्यवाद हो । त्यसका नाकमा नत्थी नलगाइ हुन्न । यस काममा हामीलाई तपाईँ जनताहरूको सहयोग चाहिन्छ ।

जनताले होस्टेमा हैंसे गरे । बागमति,कोशी,कर्णाली र गण्डकीमा धेरै ढल र पानी बग्यो तर जनताको सुखको स्वर्गको अत्तोपत्तो देखिएन । अब त त्यहाँ पुग्ने डोरेटो पहिल्याइयो जस्तो लाग्न थाल्दा अगुवा नेता रावणरूप धारण गर्दै भन्थ्यो– रामराज्य ईस्स । अनि शत्रुको बगालमा मिसिँदै खित्तित्त हाँस्थ्यो । जनजनको उत्साहमा तुँवालो लाग्थ्यो । तर बिचरा जनता फेरि जोशजाँगर जुटाउँथे र भन्थे– जनताको शत्रु– मुर्दावाद ! जनताको एकता– जिन्दावाद !!

जनताको जोशउत्साह बढदै गएको देखेर नेताहरू फेरि जुर्मुराए ,दुःखी जनतालाई सुम्सुम्याए । जनजनलाई दुःखपीडाको दुर्दान्त खाडलबाट माथि उकालेर सुखको स्वर्गको सयर गराउन लागिपरेको पार्टीको नारा थियो – रामराज्य– जिन्दावाद । जगतभरिका दुःखी जनता– एक होऔं ।

दुःखले थिलथिलिएका जनताले ठाने– हाम्रो असली अगुवा यै हो । यै पार्टीले दुःखको भवसागरबाट पार लगाउँछ ।

यस्तैमा एक दिन त्यही दलमा नयाँ नेता देखापर्‍यो । नाम थियो चमत्कार । उसको बोलीमा मिठास, कुरामा जादू,रूपमा मोहिनी थियो । साथमा साथी थिए चटक, करिष्मा, घुलन र छलाङ । कहर काटदाकाटदा कुथुर्किएका जनले सोचे – साँच्चैका नेता भन्या त यी पो हुन् ।र,जनता उसका पछि लागे । हिँडदाहिँडदा थाकेर चौतारीमा बिसाउँदै गर्दा एक दिन तिनले सोधे,“बाटो त धेरै हिँडियो,कमरेड । सुखको स्वर्ग हाम्रो पोल्टामा कहिले पर्ने होला ?”

उसले भन्यो, “ हाम्रो सुखको स्वर्गको बाटो छेकुवा साम्राज्यवाद हो । त्यसको अहिलेको खाँटी नाइके वाशिङटन हो । र त्यसलाई   हाम्रो चमत्कारवादले मात्र धूलधूसरित पारेर तह लगाउन सक्छ ।”

“ तर यो चमत्कारवाद कहाँबाट आयो ? शास्त्रमा त भएजस्तो लाग्दैन ।” जनताको बगालमा शङ्का सुसायो ।

“धत् के भा साथीहरू ! यति जाबो कुरा पनि नबुझ्ने ? यो त हाम्रो विशिष्ट परिस्थितिको उपज हो । देशदेशका आफ्ना विशिष्टता हुन्छन् । दुई ढुङ्गाको बीचको तरुललाई अब चमत्कार गरेर डाइनामाइट बनाउनु पर्छ ।” उसले सम्झायो ।

आशामुखी जनले उल्लसित हुँदै भने, “ साम्राज्यवाद– मुर्दावाद । नाइके वाशिङटन– मुर्दावाद । चमत्कारवाद– जिन्दावाद । कमरेड चमत्कारको– जय ! जय !! ”

दिन, साता, पक्ष, महिना, अयन, वर्ष गर्दै वर्षौं बित्यो । आफ्ना लावालस्करसहित नेता चमत्कारज्यूले डाडुपुन्यु समाइबसेको वर्षौं भइसक्दापनि जनगणको बेथिति जस्ताको तेस्तै रह्यो – नाङ्गा नाङ्गै, भोका भोकै । चम्किला पोटिला भए त नेतागण मात्रै । रामराज्यरूपी सुखस्वर्ग त चमत्कार,चटक,करिष्मा,छलाङ प्रभृतिका घरआँगनमा मात्र फुत्रुक्क ओर्ल्यो । हुन त यो पनि एउटा चमत्कार नै थियो । जगतै उज्यालो पार्छु भनी विश्वासमा पारेको जनलाई आफ्नो मायावी मन्त्रणाले वशीभूत पारेर उज्यालोजति आफ्नो र मण्डलीको खोपीमा थुपार्दा पनि जनतालाई आफ्नो जयगान गाइरहने बनाउन सक्नु पनि चमत्कारवादको विशेषता हो । चटकी चमत्कारको यस्तो कीर्ति ‘एक कान, दुई कान, मैदान’ हुँदै वाशिङटनको कानमै पनि पुग्यो । वैरी त के, छेउछाउको वायूधरीसँग नाकमुख खुम्च्याउने वाशिङटन जनता भनेपछि कान  थुन्थ्यो, जनवाद भन्नेउपर आइलाग्थ्यो,रामराज्य भन्नेलाई खेदै गर्थ्यो । पहिलेपहिले चमत्कारमण्डलीको खेदो गर्ने वाशिङटन पनि डिल्लीको बुई चढेर एक दिन चमत्कारकाँ आइपुग्यो । आफ्नो आँगनमा वाशिङटनलाई देखेर चमत्कार मखलेल भयो । वाशिङटनलाई रिझाउन उसले आफ्ना अगुवा सिद्धान्तकारका लोगो र झण्डा पनि सोफामुनि लुकायो । खातिरदारी पनि राम्रो  गर्‍यो । वाशिङटन र डिल्ली दुबै प्रसन्न भए । प्रसन्नचित्त अतिथिले भने,“वत्स,तिमी त हाम्रो भक्त रहेछौ । अनाहक हामीले तिमीलाई अन्यथा ठानेछौं । हाम्रो अनुकुलको समुन्नत विश्व निर्माणका लागि हामी हातेमालो गरेर अघि बढौं ।”

“जसो मर्जी हुन्छ ख्वामित । तर डाडुपुन्यू समाईबसेको सेवकलाई आफ्नो विशिष्ट शैली त्याग्न गाह्रो हुन्छ ।” चमत्कारले विन्ती बिसायो ।

“तथास्तु !” अतिथि अलप भए ।

चमत्कारमण्डलीको खुशीको सीमा रहेन । यही खुशीयालीमा नगरमा विशाल सभाको आयोजन भयो । नेता चमत्कारले मञ्चबाट उदघोष गरे, “क्रान्तिकारी जनगण, वाशिङटन र डिल्लीले हाम्रो पार्टीलाई मान्यता दिएको छ । वाशिङटन र डिल्लीको एकसाथ मान्यता पाउने हाम्रो महान र गौरवशाली पार्टी संसारकै पहिलो पार्टी हो । यो हाम्रो चमत्कारपूर्ण नेतृत्वको चमत्कार हो । अब हामी रामराज्य स्थापना गर्ने क्रान्तिको रक्तमुछेल चरणबाट छलाङ मार्दै शान्तिपूर्ण चरणमा प्रवेश गरेका छौं । अबको युद्ध त्रेता र द्वापरको जस्तो धनुर्युद्धले सम्भव छैन । साथीहरूले त्यो जडता त्याग्नु पर्छ अनिमात्र हामी रामराज्य प्राप्त गर्न सकौंला । अब त्यो धेरै टाढा पनि छैन ...” भन्दै थिए , दर्शकका घानमा बसेका सेतै फुलेका वृद्ध जङ्गिदै उठेर गर्जन थाले, “हामीलाई थाङनामा लोटाउने जाली कुरा बक्न छाडिदेऊ । पाल्सी कुरामा अलमल्याएर तिमी हाम्रा सन्ततिको वलिदान व्यर्थ पार्न खोज्दैछौ । साथी हो,यिनका चिल्ला कुरामा नभुलिऊँ ।” ‘ जनताको शत्रु–मुर्दावाद । गरिब जनता – एक होऔं ’को नारा उराल्दै ती वृद्ध कराए र एकछिनसम्म कराईरहे । सभामा खैलाबैला मच्चियो । चमत्कारमण्डलीले तिनलाई वरिपरिबाट घेरे । नेता चमत्कार मञ्चबाट माइकमा कराए,“आदरणीय जनसमुदाय,तपाईंहरू धैर्य गर्नुस,शान्त रहनुस,केही भएको छैन । लामो लडाईंमा फल प्राप्तिमा ढिलो हुँदा हाम्रो धैर्य टुटछ , त्यही भएको हो । तर हाम्रो रामराज्यरूपी आन्दोलन जारी छ । चमत्कारवादको विशिष्ट बाटोबाट मात्र त्यो लक्ष्य प्राप्त हुन सक्छ ...।”

तर सभा खलबलिइसकेको थियो । तैपनि नेता चमत्कार  जनतालाई सम्बोधन गर्ने प्रयास गरिरहेका थिए । खैलाबैला साम्य नभएपछि नेताले चमत्कारी शैलीमा सभा विसर्जन भएको घोषणा गरे ।

*(इस्मालीको कथासंग्रह श्रीको खोजीबाट)*

# माइतीघर मण्डला



● हिरामणि दुःखी ●

*माइतीघर मण्डला*
*मुटु हो काठमाण्डुको*
*छेवैमा खडा छ सिंहदरबार*
*अर्थात् देशको भीमकाय सत्ता*
*बेलाबखत डसिरहन्छ*
*मण्डला थियटरको गिदी ।*

*माइतीघर मण्डला*
*जहाँ जुलुस बनेर उपस्थित हुन्छन्*
*हलो समाउने हातहरू*
*मेसिन समाउने पाखुराहरू*
*भविश्य कोर्न काठमाण्डु छिरेका*
*कलिला जोवनहरू*
*समानता खोज्न निस्किएका*
*आदिवासी पोसाकहरू*
*शदियौंदेखि सीमा रक्षार्थ तैनाथ*
*‘अनागरिक’ मधेशी तनहरू*
*स्वाधीनता बचाउन उठेका मुट्ठीहरू*
*र युद्धमा ज्यान अर्पेका शीरहरू*
*सबै सबैले*
*आफ्नो रगत र पसिना पोखेर*
*प्राण भरिरहेछन् यही मण्डलाबाट*
*आफ्नै वर्गवैरी सिंहदरबारको ।*

*कहिले उखु किसानहरू*
*कहिले ‘मुक्त’ हलिया र कमैयाहरू*
*कहिले ‘बेस्या’मा नाउँ दरिएका*
*‘अनागरिक’ आधा आकासको एक हिस्सा*
*यही थियटरमा उभिएर*
*भोक र प्यासले*
*बर्सौंदेखि थिलथिलिएको*
*कङ्काल शरीरको मुटु निचोरेर*
*अर्पण गर्छन् रगत सिंहदरबारलाई ।*

*सिंहदरबार बाँचेको छ*
*मण्डलामा पटक पटक भेला हुने*
*तिनै दविएका, दवाइएका*
*हेपिएका, चेपिएका*
*‘छुत’ र ‘अछुत’हरूका*
*हजारौं लाखौं मुटुहरूले*
*प्रबाह गरिरहेको अक्सिजन पाएर,*
*मोटाएको छ सँधै सँधै*
*मण्डलामा घोप्टिएका रगत र पसिना*
*लपलपी चाटेर ।*

*मण्डला थियटरले जन्माएको हो घनश्याम*
*र, दर्जनौं घनश्यामहरू*
*र त घनश्यामहरूमा पलाएको हो*
*समाजवादको व्याख्या गर्ने साहस*
*घण्टौंसम्म*
*सेमिनारहरूमा*
*क्लवहरूमा*
*केही थान बुज्रुकहरूका*
*गफाखडाहरूमा*
*विमोचित हुन्छन् पर्यटनबोर्डका शोफाहरूबाट*
*घनश्यामहरूका समाजवादी किताब ।*

*समाजवादको किताब बोकेर*
*जब छिर्छन् घनश्यामहरू सिंहदरबार*
*घोषणा गर्छन्*
*मण्डालामा तैनाथ*
*ठिही र तुसारोमा कठ्याङ्ग्रिँदै*
*रुमालले टाउको छोपेर झरिमा*
*मुटु निचोरेर रगत पोखिरहेका*
*सत्तरी बर्से जोबनहरूको जुलुसलाई -*
*‘तिमीहरूको पसिनाको मूल्य*
*तिम्रै मालिकहरूलाई*
*सरखारबाट अनुदान अर्पेर*
*हामीले समाजवादको सुरुआत गरिसक्यौं ।’ १९ पुस २०७६*

# कोही सक्तैन उम्कन



● मित्रलाल पंज्ञानी ●

यो अनिश्चयको हावा चलेको रात हो सखा
मान्छेको कल्पनाभन्दा परको बात हो सखा
भावीको गर्भमा के छ ? खन्न सक्तैन क्वै पनि
मान्छेको भविता के हो ? भन्न सक्तैन क्वै पनि

तर यौटा कुरा पक्कै भन्न सक्तछ जो पनि
यो व्यवस्था भयो डुब्ने, पस्यो नूतन रोशनी

यो मेरो देशको मान्छे यो तेरो देशको भनी
गरिबै डसिएका छन्, डसिँदैनन् कतै धनी
न आफ्नो देशमा न्याय, न अर्को देशमा हित
के विकल्प रह्यो बाँकी श्रम गर्नेहरूसित ?

जनको हित छाडेर मुनाफा हेर्रिँदै गए
सत्ता हाँक्नेहरू झन्झन् दुष्टमा फेरिँदै गए
मुखले जनता भन्छन् बुझ्दैनन् जनका बह
कहाँ बस्ने र के खाने ? दुख्खै दुख्ख तहैतह

व्यवस्था फेरिने बेला ठूलो सङ्कट आउँछ
नढल्ला कहिल्यै जस्तो शक्ति नै ढल्पलाउँछ
त्यै बेला जन उर्लन्छन् महासागरझैं बनी
हुँदैनन् जनका शक्ति रोक्न सक्ने कुनै पनि

अब यौटा महाक्रान्ति, विश्वक्रान्ति नभैकन
सुख्खै छैन, छँदै छैन, कोही सक्तैन उम्कन
इतिहास यसै भन्छ, तथ्य भन्दछ यै कुरो
युगको चेतना नै हो अजेय क्रान्तिको चुरो

*पंज्ञानीको फेसबुकबाट*

**कविता**

## फरक कथा जिन्दगीको ! जिन्दगीको !



● बलराम तिमल्सिना ●

चुलो चुलोमा ग्याँस आइदिए
कुकरमा चामल
कराईमा तरकारी
बट्टा बट्टामा अचार
हर्लिक्सको डिब्बामा घिऊ
अर्को डिब्बामा मह
अझ थाल थालमै भात आइदिए
आहा ,
हामी पनि गाउँने थियौं यो समय-
साबुन पानीको गीत !

अझ मिल्छ भने
विहान ननभेज
साँझ भेज
आइतवार-
मटन करी र बँदेल फ्राई
सोमवार-
मिर्गको मासु
मंगलवार-
सिङ्गै कालिज फ्राई
बुधवार-अष्ट्रिजको रोष्ट
बिहीवार-पोर्क सेकुवा
शनिवार- वफ छोयला
यस्तो यस्तो भैदिए
अनि पो गजव हुने थियो- लकडाउन
अनि पो भव्य हुन्थ्यो- स्टे होम
अनि पो करामत हुन्थ्यो - क्वारेन्टाइनमा !

यस्तो भैदिए पो
सुनिरहुँझैं प्रितीकर लाग्थ्यो-
प्रधान मन्त्रीको भाषण
यस्तो भैदिए पो
आफ्नै जस्तो लाग्थ्यो
प्रचण्ड जीको दैनिक खानपिनको तालिका
यस्तो भैदिए पो
रमाइलो लाग्थ्यो-
प्रहरीले लाठी वर्षाएको समाचार !

अहँ आफ्नो त त्यस्तो केही भैदिएन
अझ उल्टो उल्टो पो भैदियो !

यही बेला बन्द भयो काम
यही बेला रित्तियो गोजी
यही बेला उदास देखियो चुल्हो
यही बेला झन् रोए छोराछोरीहरू
यही बेला बटारिएर आयो पेट
यही बेला बन्द भए गाडी
र यही बेला सतायो घरको संझनाले !

घरको संझनाले मात्रै त कसरी भनौं खै ?
भोलिको लागि
फेरि तपाईलाई काम गर्न चाहिने
भोलिको लागि
फेरि तपाईलाई भोट हाल्न चाहिने
भोलि तपाइको लागि
फेरि झण्डा बोक्न चाहिने
यो एक थान जिन्दगीको
खै किन किन माया लागेर आयो !

कमरेड मालिक !
आफैले दिपावली गरेको संबिधान
कसलाई नमान्ने रहर हुन्छ र ?
आफैले भोट दिएको सरकारको
पड्किन लागेको बन्दूकजस्तो आदेश
कसलाई पो तोड्ने आँट हुन्छ र ?
झिटी गुन्टा बोकेर काँधमा
डोर्याउँदै लालावाला
यो झिलिमिली सहर छोडेर पैदलै पैदल
कसलाई पो हिड्न मन हुन्छ र ?
तर माफ गर कमरेड मालिक
यो एक वारको जुनी
फेरि तिमीलाई भोट नहाले पनि
फेरि तिम्रो झण्डा नसमाए पनि
आफ्नै जिन्दगीको झण्डा समाउँन
फेरि एक पटक काम लाग्न सक्छ
आफ्नै जिन्दगीको जुलुस निकाल्न
फेरि एक पटक चाहिन सक्छ
त्यसैले सुरु भएको छ यो पैदल यात्रा !

यो पैदल यात्रालाई तिमी
हाम्रो लम्वे अभियान संझे पनि संझ
यो पैदल यात्रालाई तिमी
तिम्रो आफ्नै शवयात्रा संझे पनि संझ
तिमीलाई जे पनि संझने छुट छ
हामी भने
तिम्रो आदेशको भद्र अवज्ञा गर्दै
हामीले सुरु गर्यौं यो यात्रा !

माफ गर कमरेड मालिक
यो भद्र अवज्ञा यात्रा
अभद्रतामा बदलियो भने
कि तिमी हुने छैनौ
कि हामी हुने छैनौं !

balaram2025@gmail.com
२०७७/०१/०७ भक्तपुर

## कोरोना...

पूर्ण टोली फेब्रअरीको दोस्रो सातासम्म पनि चीन भ्रमणमा गइसकेको थिएन ।

जनवरीकै अन्त्यमा डब्लूएचओले कोरोनाभाइरस नियन्त्रणका लागि चीनले गरेको प्रयासको प्रशंसा गऱ्यो । चीन यसमा प्रतिवद्ध र पारदर्शी रहेको समेत डब्लूएचओले जनाएको थियो । 'डब्लूएचओले गरेको चीनको प्रशंसाबारे सिर्जनात्मक आलोचना आवश्यक छ,' जनस्वास्थ्यविद् लरेन्स गोस्टिनले बीबीसी न्युजसँग भने, 'डब्लूएचओ अझै आलोचात्मक हुनुपर्थ्यो र यस अवस्थालाई अझै नजिकबाट हेर्नुपर्थ्यो ।'

*५. अमेरिकामा मानिसको ज्यान जान ट्रम्प कति जिम्मेवार ?*

माथि उल्लेखित अनेकौ घटना परिघटनाबीच ट्रम्प आफै भने मौन थिएनन । उनले लगातार आत्मविश्वासका साथ मानिसहरूलाई यो रोग खासमा ?घाखोकीभन्दा बढी केही नभएको र सबै कुरा नियन्त्रणभित्रै रहेको बताइरहेका थिए । तर महाविपत्ति सम्हाल्नमा उनी पुरै असफल भए । सबभन्दा गम्भीर विषय त के हो भने उनलाई अरु कसैलाई भन्दा अघि नै यो विश्वव्यापी महाव्याधि भएको वास्तविकता थाहा थियो भनिन्छ । अनि आफ्नो फितलो तयारीबारे पनि उनलाई थाहा थियो । तर, उनले अँगालेको तरिका सरल थियो- असत्य यति तीब्र गतिमा फैलाउने, जसको पहिरोमा सत्य नै छोपियोस । घटना जे जसरी अघि बढे पनि ट्रम्पले आफ्ना बफादार समर्थकबीच कुनै न कुनै तर्कले आफूलाई सही प्रमाणित गरिरहेका हुन्छन र अहिले पनि गरीरहेका पाइन्छन् । युद्ध कौशलमा भन्ने गरिन्छ-तपाईंले चारै दिशा जथाभावी वाण हान्दा कुनै न कुनै वाणले लक्ष्यभेदन गर्ने सम्भावना त हुन्छ नि । अहिले ट्रम्पले चीन, विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघआदि माथि चौतर्फी जथाभावी हमला गरिरहेका छन् र उनले सोंचेका छन् कुनै एकले त लक्ष्यभेदन गर्ने छ ।

एकातिर भाइरस संक्रमण फैलिरहेको समयमा गत फेब्रुअरी १० मा राष्ट्रपति कार्यालयले वार्षिक बजेट प्रस्ताव पेश गऱ्यो । सो बजेटमा स्वास्थ्यसँग सम्बन्धित मुख्य सरकारी कार्यक्रममा थप कटौती गरियो । जनतालाई लाभ हुने विषयमा बजेट कटौती गरी सेना र सिमानामा पर्खाल लगाउने जस्ता 'वास्तवमै महत्वपूर्ण' विषयमा बजेट बढायो ।

अर्कोतिर रोगको परीक्षण ज्यादै विलम्ब र सीमित संख्यामा मात्र गरियो । निकै कम संख्यामा परीक्षण हुँदा रोग लागेका बिरामीको पहिचान गर्न असम्भव भयो र उनीहरूको सम्पर्कमा आएका व्यक्ति खोज्न मुस्किल बनायो । गतिशील समाजमा सरुवा रोगको महाव्याधिको शृङ्खला तोड्न यसले असम्भव बनायो । अब्बल मानिएका अस्पतालका शैयामा समेत आधारभूत सामग्रीको अभाव देखियो । फलतः संरा अमेरिका आज यो महाविपत्तिको संसारकै केन्द्र बनेको छ । संरा अमेरिकाको आजको अवस्थाले ट्रम्पको घातक चरित्र उजागर गरेको मात्र हो । तर, अब योभन्दा बढी घातक हुने ठाउँ नै यहाँ रहेन ।

*६. यी सबैका पछाडि नवउदारवादी पुँजीवाद कति जिम्मेवार छ त ?*

म्यासाचुसेटस इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआएटी) का इमेरिटस प्रोफेसर एवम अरिजोना विश्वविद्यालयका लरिएट प्रोफेसर नोम चोम्स्कीले भनेका छन्- "महाव्याधि सामना गर्न खराब तयारीबारे हामी ट्रम्पमाथि दोषारोपण गर्न सक्छौं । तर, भविष्यमा आउन सक्ने अरु महाव्याधिको सामना गर्न हामी चाहन्छौं भने हामीले ट्रम्पभन्दा पर गएर पनि सोच्न जरुरी छ । ट्रम्प एउटा बिरामी समाजको नेतृत्व गर्न राष्ट्रपति बनेका हुन, जुन समाज विगत चालीस वर्षदेखि नवउदारवादको जालोमा फसेको छ । त्यसको जरा अझ गहिराइसम्म झाँगिएको छ ।"

नोम चोम्स्कीको माथिको भनाइबाट के स्पष्ट हुन्छ भने ' जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन, आज विश्वमा यसैकारण गञ्जागोलको अवस्था निम्तिएको छ'। त्यही कारण आज संरा अमेरिका लगायत विश्वका नवउदारवादी पुँजीवादको जालोमा फसेका देशहरू जर्मन, फ्रान्स, इटली, क्यानडा, बेलायतआदिको अवस्थाले यसैलाई संकेत गर्दछ । संरा अमेरिका र ट्रम्पवारे पनि सत्य हो ।

संरा अमेरिकाको सबभन्दा ठूलो बैंक जेपी मोर्गन चेजबाट चुहिएको सूचनामा प्रयोग भएको शब्दावली सापटी लिएर भन्नुपर्दा ' मानव जातिको अस्तित्व' को लागि अधिकतम नाफा कमाउने आशा पनि 'सधैं स्थिर' होइन । अहिले बैंकहरूले जीवाष्म इन्धनमा गरेको लगानीबाट पनि 'मानव जातिको अस्तित्व' नै खतरामा छ । त्यसकारण जीवाष्म इन्धन उत्पादक चेभरन कम्पनीले दिगो ऊर्जा परियोजना नै खारेज गऱ्यो । किनभने त्यसमा पृथ्वीलाई ध्वस्त बनाएर कमाइने जतिको नाफा भएन । इक्जोनमोबिल यो अबगालबाट जोगियो । नाफा नोक्सानीको स्पष्ट हिसाबकिताबका कारण उसले यस्तो (दिगो ऊर्जा) परियोजनामा हात नै हालेन ।

नवउदारवादी दर्शनअनुसार हुने त्यस्तै हो । मिल्टन फ्रीडम्यान र नवउदारवादका अरु हिमायतीले हामीलाई सिकाएका छन् व्यापार प्रबन्धकको मूल जिम्मेवारी भनेको नाफा अधिकतम बनाउनु हो । यो नैतिक जिम्मेवारीबाट थोरै पनि यताउता भए 'सभ्य जीवन' को जग हल्लिन्छ ।

*७. सारांश*

संसारमा यतिबेला कोभिड-१९ को आँधीबेहरी चलिरहेको छ । लाखौं मानिस भाइरसबाट संक्रमित छन् । (सम्भवतः पुष्टि भएको संख्याभन्दा खासमा संक्रमित बढी होलान्।) मर्नेको संख्या दिन दुईगुणा रात चौगुणाको दरले बढिरहेको छ । पुँजीवादी अर्थतन्त्र त ठप्पै भएको छ । विश्व-मन्दी अब रोकेर रोकिन सक्ने अवस्थामा छैन ।

यो महाव्याधि देखिनु धेरै अघि नै कुनै महाविपत्तिको पूर्वानुमान गरिएको थियो । तर नोम चोम्स्कीको शब्दमा 'भविष्यमा आउन सक्ने महाविपत्तिको पूर्वसावधानी अपनाउने काममा कुनै नाफा नदेख्ने' आर्थिक प्रणालीको सोच्ने क्रुर तरिकाले त्यस्तो संकटको पूर्वतयारी गरेन । वर्तमानमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि अमेरिकी जनतामा आइरहेको महाविपत्तिको पूर्वसावधानी अपनाउने काममा कुनै नाफा देखेनन र अहिले पनि महाव्याधि सामनामा संयुक्त राज्य अमेरिकाको असफलता पछाडि व्यक्तिगत रूपले ट्रम्प रूपमा यसको जिम्मेवार देखिएका छन् तर सारमा नवउदारवादी पुँजीवाद नै यो सबका लागि जिम्मेवार छ भन्ने आधारहरू र प्रमाणहरू बलिया छन् ।

## कोरोना–महामारीको...

मुलुकभित्र पसेर कोरोना भाइरसले त्रासदी मच्चाए पछि मात्र गोरा जातिवादि ट्रम्प हच्कियो तर के गरोस 'किंकर्तव्यविमुढ ।

भारत सरकार ? अरुंधति रायको शब्दमा 'मेरो गरिब अमिर देश भारत, जो सामन्तवाद तथा धार्मिक कट्टरतावाद, जातिवाद र पुँजीवादको बीचमा कतै झुण्डिरहेको छ, अनि जसमाथि अति दक्षिणपंथी हिन्दु राष्ट्रवादीहरूको शासन छ, उसको हालत के ? डिसेम्बरमा, जव चीन बुहानमा भएको यो विषाणुको विस्फोटसँग जुझिरहेको थियो, त्यसबखत भारत सरकार आफ्ना ती लाखौं नागरिकहरूको ब्यापक विद्रोहको सामना गर्दै थियो, जुन कि सरकारले भर्खरै संसदबाट पारित गराएको वेशर्मीपूर्वक भेदभाव गरिएको मुस्लिम-विरोधी नागरिकता ऐना विद्द विशाल प्रदर्शनहरू गरिदै थिए ।'

विश्व स्वास्थ्य संगठनले (WHO) ११ मार्च २०२० मा कोविड-१९ लाई विश्व-महामारी (Pandamic) हो भन्ने घोषणा गऱ्यो । तर त्यसको दुई दिनपछि १३ मार्चमा भारत सरकारको स्वास्थ्य मन्त्रालयले भन्यो कोरोना 'कुनै आपतकालीन स्वास्थ्य खतरा होइन ।' एकाएक २४ मार्चमा भारतीय प्रधानमन्त्री मोदीले पुरै भारतलाई लकडाउन गरेको घोषणा गरे - कुनै पूर्वतयारी विनै !

नेपाल सरकार पनि के कम ? सामन्तवाद र पुँजीवाद बीचमा अर्धसामन्ती अवस्थामा झुन्डिएको व्राह्मणवादी (जनजाति) र दलाल शासक वर्गले शासन चलाएको देश । यसले पनि भारतको नक्कल उताऱ्यो, कोविड-१९ लाई खासै अर्थको नठानेको स्वास्थ्यमंत्रीको भनाई आयो । तर मोदी सरकारले २४ मार्चमा भारतलाई 'लकडाउन' गराएको घोषणा गरेपछि यता ओली सरकारले पनि २५ मार्चका दिन (११ चैत्र, २०७६) नेपाललाई 'लकडाउन' को घोषणा गरे । त्यसपछिका दिनमा उता मोदीको स्टेप हेरी एता ओलिको स्टेप आउने गरेको जगजाहेरै छ ।

WHO ले विश्व-महामारी (Pandamic) हो भनेर घोषणा गरेको कोविड-१९ लाई पुँजीवादी विश्वले नजरअन्दाज गरेको परिदृष्य जो मानवमात्रले भोग्नु पर्नेछ - धेरै मूल्य चुकाएर !

*२) कोरोना भाइरसको त्रासदी !*

यो लेख तयार हुँदासम्म (१६/०४/२०२०) विश्वमा जम्मा संक्रमित संख्या २१ लाख र मृत्यूसंख्या डेढलाख पुगेको छ । विभिन्न राज्य सरकारहरूले लकडाउनको अवधि थप्दै गरेको हिसाबले यो महामारीले लामै समय लिने देखिंदैछ । यसलाई नियन्त्रण गर्ने खोप पनि नवनिसकेको अवस्था र राज्य सरकारहरूको प्रवन्धनको पनि कमिकमजोरीको कारण यसको त्रासदीको अहिलेनै मूल्याङ्कन गर्नसकिने अवस्था छैन । समाचारहरूको माध्यमबाट ज्ञात भए अनुसार अमेरिका, स्पेन, इटाली, फ्रन्स, जर्मन, चीन, बेलायत, इरान, टर्की र बेल्जियम संक्रमितको संख्याको हिसाबले उच्चस्थानमा छन् । त्यसरी नै इटाली, अमेरीका, स्पेन, फ्रान्स, बेलायत, इरान, बेल्जियम, चीन, जर्मनी र नेदरल्याण्ड मृत्यूदर उच्च हुने मुलुकहरू हुन । यो महामारीको त्रासदीबाट विश्वकै मानवजाती त्रायमाम् छन् । यसको नकारात्मक असर विश्वकै आर्थिक, सामाजिक र मनोविज्ञानमा परेको छ । यसैको कारणले विश्वको अहिलेको पुँजीवादी राजनीतिक व्यवस्थालाई पनि प्रतिकुलता पैदा भएको छ र अरु नकारात्मकता थपिने छ ।

*३) जलवायु परिवर्तनको उपज*

वेलायतका प्रशिद्द शास्त्रीय अर्थशास्त्री माल्थसले ई. १७९८ मा 'जनसंख्याको सिद्धान्त' भन्ने पुस्तक लेखे । सो पुस्तकमा उनले जनसंख्या र खाद्यान्नको वृद्दिदर ज्यामितीय (१,२,४,८,१६,३२...) र अंकगणितीय (१,२,३,४,५...) हिसाबले हुनेहुँदा यी दुईबीचको सन्तुलन बनाइ राख्नु मानवीय दायित्वभित्र पर्दछ भनेका थिए । तर सन्तुलन कायम राख्न सकिएन भने प्रकृतिले अनिवार्यरूपले जनसंख्या नियन्त्रण गर्ने विधि अपनाउनेछ । तीमध्ये एउटा हो 'हैजा, महामारी, भोकमारी, भूइचालो, सूनामी, आदि । माल्थसको सिद्धान्त अनुसार प्राकृतिक हो भने जति भयावह हुने भए पनि दीर्घकालीन नकारात्मक असर नहुने र प्रकृतिले आफै सन्तुलन मिलाउनेछ । यहाँ कुरो किन उठेको भने केही विज्ञ, बैज्ञानिकहरूले यो प्राकृतिक पनि हुन सक्छ, कृतिम पनि भन्ने शंका गरेका छन् । कृतिम हो रहेछ भने यसको नकारात्मक असर दीर्घकालीन (जापानको हिरोसीमा र नागासाकीको असर जस्तो) हुनसक्नेछ । तर के कुरा प्रष्ट छ भने आज विश्वमा जुन जलवायु परिवर्तन भइरहेको छ, यो मानव निर्मित हो । पुँजीवादी तथा साम्राज्यवादी मुलुकहरूले सिर्जना गरेको जलवायु परिवर्तन उपज हो - कोरोना महामारी ! जे होस्, बैज्ञानिकले खोजी गरी नसकेको स्वास्थ्यको नयाँ क्षेत्र भएको छ- यो कोविड-१९ ।

*४) आम नागरिकको दुःख बढ्यो*

क) पुँजीवादी तथा साम्राज्यवादी देशहरूले अति नाफाको लागि लागु गरेको निजी स्वास्थ्य सेवा पद्दति, जो राज्यको सेवा दायित्वको विरुद्द छ, असफल भएको छ । कोरोना महामारीमा त्यसले काम गर्न सकेन । धनीको लागी स्वास्थ्य सेवा र गरिवको लागि भाग्य भरोसा आजपनि कायमै । स्वास्थ्य सेवा दुईवर्गमा विभाजित ।

ख) कोरोना महामारी प्रकरणले विश्वमा नयाँ लगानी संकट (Financial Crisis) देखिएको छ । कर्पोरेसनलाई जतिपनि लगानी गर्न तत्पर पुँजिवादी संयन्त्रहरू गरिबका लागि धन खर्च गर्न तयार छैनन् । फलतः स्वास्थ्य सामाग्री उत्पादनमा तुलानात्मक हिसाबले न्यून भयो र त्यसको असर गरिबमाथि पऱ्यो ।

ग) विश्वको ठूलो भूभाग बन्दावन्दीमा (Lockdown) रहेको अवस्था छ । सरकारले बाड्ने गरेको राहत आम जनतामा पुगेको छैन र त्यसमाथि पनि भ्रष्टाचार भएको छ । रोजगारीबाट श्रमिक जनतालाई निकालिएको छ र सडकमा वेवारिसे छोडिएका छन् ।

घ) सरकारी भ्रष्टाचार र अवस्थाको विरोध प्रदर्शन दबाउन धेरै देशमा जनता विरुद्द सेना परिचालन गरिएका छन् । यसबाट पुँजीवादी प्रजातन्त्रको पोल खोलिएको छ । नेपालको ओली सरकारले पनि चीनबाट प्राप्त स्वास्थ्यजन्य सामाग्रीमा गरेको भनिएको ५४ कारोडको भ्रष्टाचार लुकाउन सेनालाई जिम्मा लगाएको छ ।

ङ) धनी देशले गरिब देशहरूलाई नाकाबन्दी गरेर त्यहाँको संकटलाई अझै गहिरो पारेका छन् ।

च) जे होस् कोविड-१९ ले पुँजीवादी तथा साम्रज्यवादी विश्वको पुरै नग्न भ्रष्टता र अयोग्यतालाई उजागर गरिदिएको छ ।

*५) कोरोना महामारी र भावी विश्व*

क) पुँजीवादी अति नाफाको होडले प्राकृतिक वातावरण खल्बलिन जाँदा यो महामारी आएको छ र अरु पनि आउन सक्नेछन् ।

ख) पुँजीवादले निजीकरण, उदारीकरणको नाममा मानव स्वास्थ्यलाई समेत नाफाखोरलाई जिम्मा लगाएको त्यसले यो महामारीमा आम जनताको स्वास्थ्यको सुरक्षा दिन नसकेको प्रष्ट भयो । नागरिक स्वास्थ्य प्रतिको राज्यको दायित्वमाथि गम्भीर प्रश्न उठेको छ ? राज्य जनताप्रति उदासिन र अकर्मण्य भएर बस्ने हो कि स्वास्थ्य, शिक्षा, रोजगारी राज्यको दायित्व भित्र रहनु पर्ने हो !! यसबाट पुँजीवादी नव-उदारवादी अर्थराजनीति असफल हुन पुगेको छ ।

ग) विश्वमा उपभोक्तावादी संस्कृति पुँजिवादले विकास गरेको हो । उपभोगवादी संस्कृतिकै पछि लागेर कोरोना भाइरस विश्वकै महामारी भएको छ । यसले पुँजीवादको केन्द्रहरूमा समेत पसेर त्रासदि फैलाएको छ । अव उपभोक्तावादी संस्कृतिको वैकल्पिक अर्थ्नििति सबै राज्यले सोच्न पर्नेछ । नेपालको सरकार रेमिटेन्स र भन्सार करबाट संचालित छ र पार्टी-नेताहरू कमिशन र भ्रष्टाचारबाट । आउने दिन त्यसको विकल्पको खोजी हुनु पर्नेछ ।

घ) पुँजीवादी विश्वभरि नै राज्यहरूले आमजनताको सामान्य सुरक्षा र मानवीय व्यवस्थापनसमेत गर्न नसकेको देखियो । लकडाउनमा गरिब जनता बेरोजगार भएको, गुण्टा-बालबच्चा बोकेर पैदलै लामो दुरी पार गर्नु परेको र बाटैमा कतिले मृत्यू बरण गरेको दृष्य राज्यले देखेन होला ! रोजगारीका लागि देशबाहिर गएका नागरीकह? आफ्नो थातथलोमा फर्कन पाएनन् । देशभित्रकाले पनि एक प्रदेशबाट अर्को प्रदेश र एक जिल्लाबाट अर्को जिल्ला जान सकेनन् ।

ङ) चीनमा पढ्न गएका नेपाली विधार्थीलाई हवाइजहाज भाडामा लिएर सरकारले स्वदेश फर्कायो तर काठमाडौंबाट बेरोजगार भई आफ्नो थातथलौ फर्कन चाहाने श्रमिकले, आम जनताले सरकारी सुविधा पाएनन्, पैदल हिड्न पऱ्यो । त्यसमाथि पनि रोक लगाइयो । सरकारको यो रवैयाको भावि राजनीतिमा कस्तो प्रभाव पर्ला ? अहिले नेपालले मात्र नभएर विश्वले नै नयाँ राजनीतिक चिन्तनको आवश्यकता महशुस गरेको छ ।

च) नेपालबाट बिदेशमा काम खोज्न गएका युवाहरूको, जस्ले नेपालको अर्थतन्त्रमा २९ प्रतिशतसम्म योगदान दिएका छन्, भविष्य के हुने हो ? रेमिटेन्स नआएको अवस्थामा नेपालको अर्थतन्त्र कसरी धानिने हो ? ती युवाहरू फर्किनु पऱ्यो भने तिनको भरणपोषण कसरी होला ! केही अर्थशास्त्रीहरूको के आंकलन रहेको छ भने यो समस्याले देशको अर्थतन्त्रनै कोल्याप्स हुन सक्ने छ ।

*छ) विकल्प*

कोरोना-महामारीले विश्वलाई एकपल्ट गम्भीरतापूर्वक यो पुँजीवादी राजनीतिको विकल्पमा चिन्तन गर्नु पर्ने ठाउँमा पुऱ्याएको छ । अब कस्तो राजनीति र अर्थनीति हुनुपर्ने हो ? राज्यको नागरीकप्रतिको दायित्व के हो ? वर्ग-विभेद र सामाजिक विभेदको विकल्प के ? तर यो प्रष्ट छ कि संसारभरीकै आम नागरिक आफ्ना समस्या राज्यबाटै पुरा होस भन्ने चाहान्छन् । नेपाल जस्तो गरिब देशका जनताले शिक्षा, स्वास्थ्य, रोजगारी, आदि सबै राज्यबाटै नखोज्ने कुरै भएन । तर पुँजीवाद र यसका संसदवादी राजनीतिले वर्ग विभेद र सामाजिक विवेद हुर्कायो । वर्ग विभेद र सामाजिक विभेदलाई मार्केटिङ गऱ्यो । कोरोनाले हुँदा मात्र खाने वर्गलाई आज सडकमा पुऱ्याइदियो र राज्यलाई हाँक दियो- तेरो पुँजीवादले के गर्न सक्यो ?

अव यो नवउदारवादी पुँजीवादी व्यवस्थाले, जसले राज्यलाई कमजोर र व्यक्तिलाई धनी बनायो, वर्ग-विभेदलाई तीब्रता दियो र सामाजिक विभेदलाई राजनीतिकरण गऱ्यो, आफ्नो बचाउ गर्न सक्ने छैन । त्यसको विकल्पमा राज्य बलियो भएको समानता, न्याय र सम्मानमा आधारित राज्य-ब्यवस्थाको खोजी गर्नु पर्नेछ - त्यो हो समाजवाद !


तर यो पुजीवादी अर्ध सामन्ती, जातिवादी संविधानलाई रक्षा गर्न चाहाने ने.क.पा. (२) को सरकारको लागि भने यो चुनौति पहाड जस्तो हुनेछ । बाबुको त फाटेको धोती, कान्छाबाबुको के गति ? अन्य पार्टीहरूको त कुरै गर्नु परेन !

२०७७/०१/०५

## कोभिड–१९...

अर्थतन्त्र र उद्दारपुँजीवादलाई अंगीकार गरेकै भय पनि हिजो कम्युनिष्ट समाजवादी शिविरमा भरुका राष्ट्रहरूनै कोभिड १९ ले ल्याएको संकट हल गर्ने क्रममा अनुशासित र जनता प्रति जबाफदेहीता सहित अग्रपंक्तिमा देखिएका छन । यसक्रममा चिनियाँ रास्ट्रपति सिजिन पिङ्ले कोरोना विरुद्धको लडाइलाई जनयुद्धको संज्ञा दिदै अहोरात्र प्रत्यक्ष बुहानको कमाण्ड समाले र निकै अनुशासितपुर्वक बुहानका जनतालाइ बचाउन देशैभरका ४२ हजार स्वास्थकर्मीहरू र साधन श्रोत केन्द्रीत गर्दै कोरोना विरुद्धको लडाईमा सफलता हासिल गरेका छन । साथै चाइना आज आफ्नो मुलुकमा देखिएको समस्यासँग जुध्दै बिश्वमानब जातीको उद्दारमा जुटेको छ । आज संकट ग्रस्त देशहरूमा स्वास्थकर्मीहरू खटाउनुका साथै स्वास्थ सामाग्रीहरू सहयोग गरी रहेको छ । साथै क्युवाले पनि युरोपका इटली, स्पेन लगायतका मुलुकमा स्वास्थकर्मी र सामग्री पठाएर उद्दार कार्यमा जुटेको छ । र विगतमा समाजवादी शिविरमा रहेका मुलुकहरू नै कोभिड १९ को प्रभाव कम गर्न सफल देखिएका छन । जसले गर्दा आज चाइना लगायतका मुलुकहरूको भूमिकाको प्रशंसा हुने गरेको छ र विशेष त चीन अन्तराष्ट्रिय जगतमा हावी हुदै गएको छ भने अमेरिका एक्लिँदै गएको छ । कोभिड १९ले बिश्व राजनीतिमा मात्र होइन आर्थिक सामाजिक सामरिक र कुटनैतिक क्षत्रमा समेत ठुलो असर पर्ने विश्लेषकहरूको भनाइ छ । बिश्व स्वास्थ संगठनका प्रमुखले यो दोश्रो बिश्वयुद्ध पछीको सबै भन्दा ठुलो बिश्वमहामारीको संज्ञा दिदै यसका विरुद्धको लडाई मुख्य र साझा बनाएर जादा यस्को नियन्त्रण र निदान गर्न सकिने तर्क पेश गरेका छन । वैज्ञानिकहरू यसको औषधी पत्ता लगाऊना प्रयत्नरत देखिन्छन तर बिश्व स्वास्थ संगठनले यसका लागि समेत करिब डेर बर्ष लाग्न सक्ने अनुमान पेश गरेको छ । जुनबेलासम्म मानब जातीले अकल्पनीय भयावहको अवस्था बेहोर्नु पर्ने देखिन्छ र जसलाई मिलेर सामूहिक ढंगले नै संकटको मोचन गर्नु नै समग्र मानब जातीको हितमा हुनेछ । अब बिश्वजगतमा अर्थतन्त्रमा निकै ठूलो धक्का हुने र आर्थिक मन्दी देखा पर्ने अनुमान गरिएको छ र जसको प्रभाव तेश्र विश्वका गरिब मुलुकहरूमा सबै भन्दा बढी पर्ने र अनिकाल भोकमरी जस्ता जटिल अवस्था आउन सक्ने देखिन्छ । जसले गर्दा विश्वका भोकमरी र आर्थिक समस्याका कारणले स्वास्थ क्षत्रमा थप अरु जटिलता पैदा हुने, अरु नयाँ महामारी हरू पैदा हुने र उत्पीडित राष्ट् र जनतामा शाषकहरू प्रति आक्रोश पैदा भै दुनियाँमा अहिले चलीरहेका साम्राज्यवादी पुँजीवादी शासन सत्ताका विरुद्धमा ठुला ठुला आन्दोलका आँधीबेहरी उठ्ने र विश्वराजनीतिमा हेरे फेर हुने गरि ठुला ठुला उथल पुथलहरू आउने पूर्ब अनुमान गर्न सकिन्छ । त्यसैले संसार भरका क्रान्तिकारी कम्युनिष्टहरूले कोभिड १९ का विरुद्धको लडाईले पार्ने सबै खालका चुनौती र संभावनाहरूलाइ मध्य नजर गर्दै अगाडी बढ्न आवश्यक छ ।


**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

# कोभिड-१९ र बदलिदो विश्वराजनीति

*अब विश्वजगतमा अर्थतन्त्रमा निकै ठूलो धक्का हुने र आर्थिक मन्दी देखा पर्ने अनुमान गरिएको छ र जसको प्रभाव तेश्र विश्वका गरिब मुलुकहरूमा सबै भन्दा बढी पर्ने र अनिकाल भोकमरी जस्ता जटिल अवस्था आउन सक्ने देखिन्छ*



● नीरज ●

यतिबेला विश्वमा महामारीको रुममा फैलिएको कोभिड १९ ले गर्दा सिंगो मानवजातिको अस्तित्व नै संकटमा पर्ने खतरा देखिएको छ । यो भाइरस २०१९को अन्त्यतिर चीनको बुहान शहरबाट सुरु भै अत्यन्तै तीब्र गतिमा आजसम्म विश्वका २१० देशमा फैली सकेको छ । जसबाट २२ लाख भन्दा बढी मान्छे सङ्क्रमित हुनुका साथै १ लाख ५० हजार भन्दा बढीले ज्यान गुमाई सकेका छन भने पाँच लाख जति मानिस उपचारपछी घर फर्किएका छन । चिनियाँ सरकारको जनता प्रतिको जीम्मेवारीपुर्ण कदम स्वास्थकर्मीहरूको अथक प्रयास र चिनियाँ जनताको अनुशासनपूर्ण गतिबिधिले बुहानमा लकडाउन खुलेको अवस्था छ, भने पछिल्लो चरणमा सुपर पावर ठानिएका अमेरिका, इटली, फ्रान्स र स्पेनमा यो महामारी नियन्त्रण भन्दा बाहिर गएको छ। त्यहाँ दिन प्रति दिन सङ्क्रमितहरूको संख्या र मृत्यु दर हेर्दा भयावह स्थिति सिर्जना भएको छ । आफूलाई आर्थिक , भौतिक, प्रबिधिक र साधन श्रोतले सम्पन्न वैज्ञानिक र शस्त्र अस्त्रका हिसाबले सिंगो मानब जाति अनि बिश्व ब्रमाहाण्डलाई नै चुनौती दिने पुँजीवादी साम्राज्यवादी मुलुकका शाषकहरूको जनता प्रतिको रबैया र उत्तर दायित्व अनि कोभिड १९ ले पैदा गरीदीयको निरीहतालाई हेर्दा बिश्व राजनैतिक शक्ति सन्तुलनमा समेत हेरफेर हुन सक्ने संभावना देखिएको छ । कोभिड १९ ले मानब जीबन र स्वास्थमा मात्र होइन राजनैतिक आर्थिक र सामाजिक क्षत्रसहित बहुआयामिक क्षत्रमा प्रभाव पार्ने निश्चित छ । जसका के ही सिण्टमहरू र अन्तरविरोधहरू बिश्वराजनीतिमा अहिले नै देखा पर्न थालेका छन । अहिले केही केही अन्तर बिरोधहरू सतहमा नै देखा परेका छन । जस्तै अमेरिकि राष्ट्रपाटी डोनाल्ड ट्रम्पले बिश्व स्वास्थ संगठनलाई कोभिड १९ को विषयमा समयमै जानकारी नगराएको पहिलो आरोप लगाएको छ। बिश्व स्वास्थ संगठनले चीनको पक्षमा काम गरेकोले बिश्व स्वास्थ संगठनलाई अमेरिकाले दिने गरेको आर्थिक सहयोग बन्द गर्ने घोषणा गरेको छ । उक्त विषयलाई लिएर बिश्व स्वास्थ संगठनका अध्यक्ष डा.टेड्रोस एदनाम गेब्रीयसले राष्ट्रपति ट्रम्पलाई कोरोनाको विषयलाई लिएर राजनीति नगर्न चेतावनी दिएका छन भने अमेरिकी राष्ट्रपति ट्रम्पले चीनलाई अपमानित र आरोपित गर्ने गरी चाइनिज बुहान भाइरस भन्दै ह्वाइटहाउसबाट घोषणा गर्नुका साथै जि सेभेन देशहरूको बैठकमा समेत अमेरिकी विदेश मन्त्रि पम्पेओले बुहान भाइरस नाम राख्ने प्रस्ताब गरे तर अन्य राष्ट्रका प्रतिनिधिहरूले नमाने पछी संयुक्त विज्ञप्ति जारी हुन सकेन । संकटको बेला सहयोग गर्नुको सट्टा चीनलाई लक्षित गर्दै ुु एउटा बिरामी देश भनेर बेइजिङ स्थीत अमेरिकी दैनिक ब्युरो प्रमुखले खिल्ली उडाउने काम गरे जसले अमेरिकाको चाइना प्रतिको रबैया उसको नियत र दृष्टिकोण प्रष्ट बुझ्न सकिन्छ । चीनमाथी संकटको बेला ट्रम्प प्रशासनले चालेको अलोकप्रिय, अमानवीय र अमर्यादित कदमले अमेरिका बिश्वजगतमा नाङ्गिन पुगेको छ । चीन संक्रमणले थिलोथिलो भएको बेला सहयोग गर्नु सट्टा चिनियाँ जनताको बीजोकमा रमिते बन्दै खुसी मनाउने राष्ट्रपति ट्रम्प र अमेरिकी शासक बर्गले कोभिड १९ ले अमेरिकालाई छुन नसक्ने तर्क गर्दै समय विताए । तर आज केही महिना बित्न नपाउदै अमेरिका संसारको सबै भन्दा बढी कोरोना प्रभाबित देश बनेको छ। यो हरफ लेख्ने बेलासम्म अमेरिकामा संक्रमितको संख्या मात्र ७ लाख क्रस गरेको छ भने मर्नेको संख्या ३७ हजार क्रस गरेको छ । अमेरिकामा अत्याबश्यक स्वास्थ सामाग्रीहरू सर्जिकल माक्स, थर्मल गण, आरडीटी किट, पिपिइ भेन्टिलेटरको निकै ठुलो संकट परेको छ र एक्दमै भयाबह स्थिति पैदा भयको छ । अमेरिका जस्तो विश्वको आधुनिक मुलुकमा समेत स्वास्थ सामाग्रीको अभाव देखीनु र मृत्यु दर उच्च देखिनुले साम्राज्यवादी पुँजीवादी शाषकहरूको शासनशैली र क्षमता पुष्टि हुनुका साथै जनता प्रति कति गैर जिम्मेवार र अनुदार हुन्छ भन्ने कुरा समेत प्रष्ट भयको छ, भने खुल्ला *बाँकी ७ पेजमा*

## महामारी...

जोडिएका प्रदेशबाट उठ्न थालेको छ । निश्चित नाकाहरू खुला राखेर बाँकी सिमानामा तारबार लगाई सधैका लागि सीमा बन्द गर्नुपर्ने आवश्यकता र प्रक्रियाबारे अहिलेबाट नै बहसको थालनी गरी कार्य सञ्चालनका लागि उपयुक्त परिस्थिति तयार भएको छ ।"

शिक्षा र स्वास्थ्य क्षेत्रको निजीकरण र व्यापारीकरणले विभिन्न समस्या उत्पन्न भएको भन्दै दोस्रो बुँदमा भनिएको छ, " शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजारको जिम्मा छाड्नु हुँदैन रहेछ भन्ने बहस चारैतिर चल्न थालेको छ । उपयुक्त कार्यक्रम तथा योजनाका आधारमा हामीले शिक्षा तथा स्वास्थ्य क्षेत्रको राष्ट्रियकरणका लागि सशक्त आवाज उठाउनु पर्दछ ।"

लकडाउनका कारण रोजगारीको सिलसिलामा काठमाडौं उपत्यका र उपत्यकाबाहिरका विभिन्न स्थानमा अलपत्र परेका मजदुरहरूलाई सुरक्षित साथ घर पुर्‍याउने व्यवस्था गर्नुपर्ने भन्दै वक्तव्यको तेस्रो बुँदमा भनिएको छ, " लकडाउन गर्नु पर्ने स्थिति अनिश्चित भएका कारण सरकारले उपत्यका तथा बाहिर विभिन्न प्रदेशहरूमा अड्किएका नेपाली जनतालाई आ-आफ्ना घरमा जानका लागि आर्थिक तथा यातायातका साधनको व्यवस्था मिलाउनु पर्दछ । यसो गर्दा शङ्का लागेकालाई क्वारेन्टाइन र सङ्क्रमितलाई आइसोलेशनमा राख्ने र बाँकीलाई पठाउन स्यानिटाइज गरेको यातायात साधन प्रयोग गर्नु उपयुक्त हुन्छ ।"

त्यस्तै बुँदा चारमा लकडाउन गरिएको यस जटिल अवस्थामा सीमापारी भारतमा फसेका नेपाली जनतालाई उनीहरूको आफ्नो देश तथा घरमा आउन पाउने अधिकारको सम्मान गरी उनीहरूलाई अविलम्व आउने व्यवस्था गर्नु पर्दछ । सरकारले उनीहरूलाई स्थिति हेरी उपयुक्त ढङ्गले क्वारेन्टाइन तथा आइसोलेशनमा राख्ने र आ-आफ्ना घरमा जाने आर्थिक, यातायातका साधन लगायतको समुचित प्रबन्ध मिलाउनु पर्दछ, भनिएको छ भने पाँच नं. बुँदमामा कोरोना सङ्क्रमणको रोकथामको अग्रमोर्चामा खटेका स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई यथेष्ट पीपीई (पर्सनल प्रोटेक्टिभ इक्विपमेन्ट) व्यवस्था गरेर सरकारले खटाएको ठाउँमा जान अनिवार्य गर्नु पर्दछ र सरकारले उनीहरूको जीवन वीमा र उचित सुविधाको ग्यारेन्टी गर्नु पर्दछ । यसो गर्दा पनि काममा नजाने डक्टर, नर्स, एम्बुलेन्स ड्राइभर लगायतका यस काममा खट्नुपर्ने सम्बन्धित कर्मचारीलाई उपयुक्त कडा कारबाही गर्नु पर्दछ, भनिएको छ ।

त्यस्तै अन्य बाँकी ६देखि १५सम्मका बुँदाहरूमा भनिएकोछः

६.कोरोना सङ्क्रमित भएको बहानामा विरामीलाई फिर्तागर्ने सरकारी वा निजी दुवैथरी अस्पताललाई सख्त कार्वाही गर्नु पर्छ । यसैगरी जनताको उपचारमा खट्ने स्वास्थ्यकर्मीहरूमाथि हुने अभद्र व्यवहारमा संलग्न जो कोहीलाई पनि कडा कार्वाही गर्नु पर्दछ ।

७. आरडीटी (र्‍यापिड डायग्नोस्टिक टेस्ट) र पीसीआर (पोलिमरेज चेन रिएक्सन)ले दिएका रिपोर्ट बाझिएर एक प्रकारको भ्रम र त्रास उत्पन्न गर्ने गरेको छ । ओम्नी विजनेस कर्पोरेट इन्टरनेसनलले आपूर्ति गरेको आरडीटीलाई विश्व स्वास्थ्य सङ्गठनले मान्यता दिएको छैन । सरकारले त्यसलाई प्रयोग गर्न बन्द गरी विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार पीसीआर लगायतका विधिबाट परीक्षणलाई व्यापक बनाउनु पर्दछ ।

८. राहत वितरणमा हुँदै आएको भ्रष्टाचार तथा मनोमानी बन्द गर्नु पर्दछ र राहतको सामान सबैभन्दा पहिला विपन्न परिवारलाई दिने व्यवस्था मिलाउनु पर्दछ । राहत वितरण व्यवस्थालाई सरल बनाउनु पर्दछ । दैनिक उपभोग्य सामग्रीहरूको खरिद वा प्राप्तिका लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ । भ्रष्टाचार तथा कालोबजारी गर्नेहरूमाथि कडा कार्बाही गर्नु पर्दछ ।

९. देश बाहिर रोजगारीका क्रममा गएका नेपाली युवाहरूलाई देशभित्र ल्याउने कामको थालनी गर्नु पर्दछ । यस सन्दर्भमा श्रमिकहरू फर्काउनेबारे युएइको सरकारले लिएको निर्णय निकै गम्भीर छ । तत्काल रोजगारी गुमेकाहरूबाट सुरु गरी यो कामलाई क्रमशः आम रूपमा विस्तार गर्नु पर्दछ ।

१०. कोरोना नियन्त्रणका सामग्री सबै जीटुजी (सरकारदेखि सरकार) व्यवस्थाबाट सरकारले आयातको बन्दोवस्त गर्नु पर्दछ । महामारीलाई प्रयोग गरी भ्रष्टाचार गर्नेमाथि कडा कार्वाही गर्नु पर्दछ ।

११. कोरोना नियन्त्रणको अग्रमोर्चामा खटेका सबै खाले कर्मचारी बाहेक अरु सबैको तलव, पेन्सन आदिको निश्चित हिस्सा कोरोना नियन्त्रणमा लगाउनु पर्दछ ।

१२. देशको राजधानीमा सरकारद्वारा समुचित राहत तथा खाद्यान्नको व्यवस्था नगरिएको अवस्थामा खान नपाई घरमा जान लागेका मजदुर तथा विपन्न जनतामाथि कुटपिट तथा दुर्व्यवहार गरिनु हुँदैन र त्यसो गर्नेहरूमाथि कडा कार्बाही गर्नु पर्दछ ।

१३. वेमौसमको बाजा बजाई सुकुम्बासी आयोगको स्थापना गर्ने लागिएकोमा त्यसप्रति आर्थिक चलखेलको आशङ्का पैदा हुँदै गएको छ । अतः यस कामलाई रोकेर त्यसमा खर्च हुने रकमलाई महामारी नियन्त्रण कोषमा राख्नु पर्दछ । यसैगरी, सांसदहरूलाई आआफ्ना क्षेत्रमा खर्च गर्न पाउने गरी छुट्याइएको रकमलाई पनि महामारी नियन्त्रण कोषमा जम्मा गर्नु पर्दछ ।

१४. बजार नियन्त्रण गर्ने साम्राज्यवादी प्रतिस्पर्धाका लागि खरबौ खरब डलर खर्च गरेर आणविक अस्त्र बनाउने तर जन स्वास्थ्यमा प्रयोग हुने मास्क, पीपीइ र भेन्टिलेटर जस्ता अत्यावश्यक सामान निर्माणमा उपेक्षा गर्ने नवउदारवादी पुँजीवादको विकल्पमा जानु पर्दछ । जनताको जनवाद हुँदै वैज्ञानिक समाजवाद तर्फ अगाडि बढ्नु पर्दछ ।

१५. विश्वव्यापी कोरोना भाइरसको महामारी तथा सन्त्रास तीव्र गतिमा फैलदै गएको यति गम्भीर अवस्थामा पनि त्यसको रोकथामका लागि आवश्यक पूर्व तयारीमा ध्यान नदिने, अन्य राजनीतिक पार्टी तथा सङ्घसंस्थाहरूलाई विचारविमर्श, सरसहयोग तथा राष्ट्रिय सहमतिका लागि आह्वान गर्न आवश्यक नठान्ने तथा उपेक्षा गर्ने, लामो समयदेखि औषधोपचारका संयन्त्र तथा सामग्री आउँदै छन् भनेर जनतासित ढाँटछल गर्ने र तिनको व्यवस्थापन तर्फ ध्यान नदिने, अझ उल्टै कमिशन तथा भ्रष्टाचारका खेलमा संलग्न हुने, दैनिक काम गरी जीवन निर्वाह गर्नुपर्ने मजदुरहरूका लागि आवश्यक राहत तथा खाद्यान्न उपलब्ध नगराउने बरू उल्टै कुटपिट एवम् दुर्व्यवहार गर्ने, यति भयावह जोखिम आइलाग्दा पनि सबै काम ठिकठाक चलेकै छन् भन्दै अति हल्का अभिव्यक्ति दिई रमिते बनेर बस्ने वर्तमान सरकारबाट हददर्जाको लापर्बाही हुँदै आएको कटु यथार्थ जगजाहेरै छ । तसर्थ, हाम्रो पार्टी जनताप्रति गैरजिम्मेवार यस सरकारको कडा विरोध तथा भर्त्सना गर्दछ र आदरणीय जनसमुदायसित सजग रही सरकारका यस प्रकारका गलत क्रियाकलाप, व्यवहार तथा प्रवृत्तिका विरूद्ध सशक्त आवाज उठाउन विनम्र अनुरोध गर्दछ ।" भनि उल्लेख गरिएको छ ।

लक डाउन सुरु भएयता सरकारको गैरजिम्मेवारीका विषयमा क्रान्तिकारी माओवादीले एकपछि अर्को आवाज उठाउँदै आएको छ र निरन्तर खबरदारी गर्दै आएको छ । क्रान्तिकारी माओवादीले सरकारलाई जिम्मेवार बनाउन जनताको दबाबको समेत खाँचो रहेको औल्याउँदै चौतर्फी दबाब र खबरदारीका लागि जनसमुदायमा अपिल समेत गर्दै आएको छ ।


**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात हुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्स्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**













**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।